# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १२३ | काठमाडौं | आइतबार, ०८ भदौ २०८२ | Prabhab National Daily | Sunday, 24 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## दाहाल–शर्मा विवाद टुंगिएन





आफ्नै खुट्टामा बञ्चरो हान्ने बाटोमा कोही पनि लाग्न हुँदैन ।
**-पुष्पकमल दाहाल**

शेषनागले कहीँ पृथ्वी बोकेको पनि छैन । शेषनागले पृथ्वी बोकेको छ भन्ने त दन्त्यकथा हो ।
**-जनार्दन शर्मा**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र उपमहासचिव जनार्दन शर्माबीच विचार, नेतृत्व शैली र पार्टीको आन्तरिक लोकतान्त्रिक प्रक्रियाबारे मतभेद चुलिँदै गएको छ । दुवैले सार्वजनिक मञ्चबाट एकअर्काविरुद्ध कडा शब्दमा टिप्पणी गर्दै आएका छन् ।

यसअघि बसेको स्थायी समिति बैठकपछि भने दुई नेताबीचको विवाद मत्थर भएको दाबी गरिएको थियो तर पछिल्ला अभिव्यक्तिहरूले विवादले झनै उग्र रूप लिँदै गएको देखाएको हो । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उपमहासचिव शर्माले दाहालप्रति लक्षित गर्दै शेषनागले पृथ्वी बोक्ने कुरा दन्ते कथा भइसकेको टिप्पणी गरे ।

'शेषनागले कहीँ पृथ्वी बोकेको पनि छैन । शेषनागले पृथ्वी बोकेको पनि हुँदैन । त्यो त दन्ते कथा हो । शेषनागले पृथ्वी बोकेको छ, त्यसले यसो हल्लाइदियो भने भूकम्प आउँछ भन्ने त दन्त्यकथा हो,' उनले भने, 'आज त विज्ञानले अर्कै पुष्टि गरिसक्यो । त्यस कारणले यो पृथ्वी चल्छ, केही ढल्दैन ।'

अध्यक्ष दाहालले गत महाधिवेशनबाट दिएको उपमहासचिव पदलाई उनले हालैका दिनमा अस्वीकारसमेत गरेका छन् । उनले आफू माओवादी नेतामात्रै भएको बताउन थालेका छन् । पद अस्वीकारेका शर्माले अध्यक्ष दाहाल तानाशाही र निरंकुशतातर्फ उन्मुख भएको भन्दै आलोचना गर्ने गरेका छन् ।

दाहालसमेतलाई संकेत गर्दै पुष्पलाल स्मृति दिवसमा आयोजित कार्यक्रममा त शर्माले मनमोहन अधिकारीबाहेक सबै पूर्वप्रधानमन्त्रीहरू भ्रष्टाचार भएको आरोप लगाए । अध्यक्ष दाहालले पार्टीले गुमाएको जनमतको जिम्मा लिएर आत्मालोचना गर्नुपर्ने माग उनको छ ।

⏭ **क्रमश: पृष्ठ २ मा**

# शिक्षा विधेयकमा विरोध कायमै

## शिक्षक महासंघ र निजी विद्यालय सञ्चालक आन्दोलनमा

- विद्यालय शिक्षा विधेयकका कयौं प्रावधानमा शिक्षक महासंघको असहमति
- विगतमा भएका सहमतिअनुसार विधेयक नआएको महासंघको भनाइ
- विधेयकविरूद्ध महासंघ आन्दोलनमा
- शिक्षक स्थानीय तहअन्तर्गत रहन अनिच्छुक




■ **जेबी योञ्जन**

**काठमाडौं–** लामो रस्साकस्सीपछि प्रतिनिधिसभामा पुगेको विद्यालय शिक्षा विधेयकलाई शिक्षकहरूले अस्वीकार गर्दा सरकार अप्ठेरोमा परेको छ । विधेयकका कयौं प्रावधानप्रति असहमति जनाउँदै शिक्षकहरूले सरकारविरुद्ध आन्दोलनमा होमिने चेतावनी दिएका छन् ।

सरकारले भने विधेयकलाई विद्यालय शिक्षाको मानक भनेको थियो । विधेयकले शिक्षामा सबैको पहुँच, एकरूपता र गुणस्तर कायम गर्ने दाबी सरकारको थियो । तर, विधेयकको मुख्य सरोकारवालामध्येका शिक्षकहरूले यसअघि भएका सहमतिअनुसार सरकारले विधेयक नल्याएको भन्दै स्वीकार्न नसकिने प्रस्ट पारेका छन् ।

विगतका सहमतिलाई टेकेर विधेयक ल्याउन दबाब दिन शिक्षकहरू पुन: आन्दोलनमा उत्रने भएका छन् । उनीहरू नेपाल शिक्षक महासंघअन्तर्गत रहेर आन्दोलित हुने भएका हुन् । महासंघले सोमबार प्रधानमन्त्री, शिक्षामन्त्री तथा दलका प्रमुख सचेतकलाई ध्यानाकर्षणपत्र बुझाउने भएको अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले प्रभावलाई बताए । उनका अनुसार त्यसपछि महासंघले चरणबद्ध आन्दोलन गर्ने छ, जसअन्तर्गत यही ११ देखि २० भदौमा केन्द्रमा सबै पार्टी कार्यालयमा ध्यानाकर्षणपत्र बुझाउने र एक घण्टा धर्ना दिने, १३ भदौमा सबै पालिकामा ध्यानाकर्षण गराउने, १५ भदौमा जिल्लास्तरीय समन्वय एकाइमा ध्यानाकर्षण गराउने र २१ भदौदेखि निर्णायक आन्दोलन सुरु गरिने छ ।

महासंघले अस्थायी शिक्षकको स्थायित्व, बढुवाको प्रबन्ध, अध्यापन अनुमतिपत्रको म्याद, बालकक्षा शिक्षकको सुविधा, संस्थागत विद्यालय शिक्षकको पेसागत सुरक्षा, सरुवा प्रणालीलगायतमा असहमति जनाएको छ । विद्यमान कानुनमा स्थानीय तहलाई नै माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापनको अधिकार भएकोमा महासंघले आपत्ति जनाएको छ । संघअन्तर्गत माध्यमिक तहसम्मको शिक्षालाई लानुपर्नेमा महासंघको जोड छ । तर, विधेयकमा यससम्बन्धी प्रावधान छैन । यसलाई लिएर पनि महासंघ रुष्ट भएको हो ।

⏭ **क्रमश: पृष्ठ २ मा**

### पूर्वराष्ट्रपति यादवको असन्तुष्टि

पूर्वराष्ट्रपति डा. रामवरण यादवले निजी विद्यालय सञ्चालकहरू स्थानीय तह मातहत जान नचाहेकोमा असन्तुष्टि पोखेका छन् । उनले संविधानको पालना सबै निकायले गर्नुपर्ने बताए ।

प्याब्सन ललितपुरले शनिबार आयोजना गरेको कार्यक्रममा उनले भने, 'तपाईं निजी विद्यालय सञ्चालकहरू पनि स्थानीय तह माताहतमा जान चाहिरहनु भएको छैन, नागरिकप्रति राज्यको जिम्मेवारी पूरा हुनुपर्छ, कल्याणकारी राज्यको कल्पना संविधानले गरेको छ र संविधानको पालना सबैले गर्नुपर्छ ।'

उनले शिक्षित जनशक्ति नै राष्ट्रको बृहत् पुँजी भएको भन्दै शैक्षिक उन्नयनका निम्ति राज्य र निजी क्षेत्र सदैव गम्भीर हुनुपर्नेमा जोड दिए ।

**सन्दर्भ: वैदेशिक रोजगार**

# साउनमा रोजगारीका लागि १०५ मुलुक पुगे नेपाली श्रमिक

## धेरै श्रमिकको गन्तव्य बन्यो युएई, धनुषाबाट सबैभन्दा धेरै विदेसिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउनमा नेपालीहरूको पहिलो रोजगार गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) बनेको छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार उक्त महिना युएईमा जानका लागि २३ हजार ८३८ जनाले श्रम स्वीकृति लिएका हुन् ।

युएईका लागि श्रम स्वीकृति लिनेमा २० हजार ३५७ जना पुरुष र तीन हजार ४८१ जना महिला रहेका छन् । यो संख्या संस्थागत, व्यक्तिगत र पुन: श्रम स्वीकृति लिएर जानेहरूको हो ।

युएईपछि सबैभन्दा बढी श्रमिक कतार गएका छन् । कतारमा १२ हजार ८४ जना श्रमिक गएका छन् । जसमा ११ हजार ५४ जना पुरुष र एक हजार ३० जना महिला छन् । तेस्रोमा साउदी अरेबिया परेको छ, जहाँ रोजगारीका लागि जान नौ हजार ८१० पुरुष र ७५ जना महिला गरी नौ हजार ८८५ जनाले साउनभित्र श्रम स्वीकृति लिएको विभागको तथ्यांकमा देखिन्छ ।


फाइल तस्बिर

चौथो बनेको मलेसियामा पाँच हजार ६२३ जना गएका छन् । मलेसिया जानेमध्ये पाँच हजार ५४८ जना पुरुष र ७८ महिला छन् । त्यस्तै सबैभन्दा बढी श्रमिक गएको मुलुकको पाँचौंमा कुवेत रहेको छ । जहाँ दुई हजार ७९२ जना पुरुष र एक हजार २७८ जना महिला गरी कूल चार हजार ७० जना गएका छन् ।

साउन महिनामा व्यक्तिगत श्रम स्वीकृति लिएर सबैभन्दा बढी युएई नै गएका छन् । साउनमा एक हजार ६१६ जना पुरुष र ८३२ जना महिला गरी कूल दुई हजार ४४८ जना व्यक्तिगत श्रम स्वीकृति लिएर युएई गएका हुन् । युएईपछि जापानमा रोजगारीका लागि एक हजार ९२१ जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएको तथ्यांकमा उल्लेख छ । जसमा एक हजार २८२ जना पुरुष र ६३९ जना महिला छन् । जापान पछिल्लो समय नेपालीहरूको आकर्षक रोजगार गन्तव्य बन्दै गएको छ ।

व्यक्तिगत श्रम स्वीकृति लिएर क्रोएसियामा एक हजार २८३ जना रोजगारीका लागि गएका छन् । जसमा ९९० जना पुरुष र २९३ जना महिला छन् । यसैगरी कतारमा ९९१ जना र रोमानियामा ८४६ जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएका विभागले जानकारी दिएको छ ।

⏭ **क्रमश: पृष्ठ २ मा**

### साउन महिनामा धेरै कामदार गएका मुलुक

| देश | संख्या |
|---|---|
| युएई | २३८३८ |
| कतार | १२०८४ |
| साउदी अरेबिया | ९८८५ |
| मलेसिया | ५६२३ |
| कुवेत | ४०७० |
| जापान | २३४० |
| क्रोएसिया | १४६२ |
| रोमानिया | १०२५ |
| दक्षिण कोरिया | ९१३ |
| साइप्रस | ८४० |

*स्रोत: वैदेशिक रोजगार विभाग*







# भियतनामकी उपराष्ट्रपति सुआन काठमाडौंमा

## भ्रमणबाट द्विपक्षीय सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास

■ प्रभाव संवाददाता



**काठमाडौं–** समाजवादी गणतन्त्र भियतनामकी उपराष्ट्रपति भो थि आन सुआन तीनदिने औपचारिक नेपाल भ्रमणमा छिन् । नेपाल-भियतनाम कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पूरा भएको ऐतिहासिक अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादवको निमन्त्रणामा उनी शनिबार काठमाडौं आएकी हुन् ।

भियतनामका लागि गैरआवासीय नेपाली राजदूत धनबहादुर ओली उच्चस्तरको यस भ्रमणबाट दुई मुलुकबीचको सम्बन्ध नयाँ उचाइमा पुग्ने अपेक्षा गर्छन् । नेपाल र भियतनामबीच १९७५ मे १५ मा औपचारिक दौत्य सम्बन्ध स्थापना भएको थियो ।

त्यसयता दुवै मुलुकबीच पारस्परिक सद्भाव र विविध क्षेत्रमा सहकार्य हुँदै आएको छ । दुई देशबीच यसप्रकारका उच्चस्तरीय भ्रमणको आदानप्रदानबाट सरकारीस्तरमा मात्रै नभइ व्यापार, व्यवसाय र जनस्तरमासमेत द्विपक्षीय सम्बन्ध सुदृढ तुल्याउन योगदान पुग्ने विश्वास गरिएको छ ।

राजदूत ओलीले भने, 'दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० औं वर्षगाँठको सन्दर्भमा भियतनाका उपराष्ट्रपतिबाट नेपाल भ्रमण भएको छ, यो उच्चस्तरीय भ्रमणबाट नेपाल र भियतनामबीच व्यापार, लगानी, पर्यटन र सांस्कृतिक आदान-प्रदानलगायत आपसी सहकार्यका विविध क्षेत्रलाई नयाँ आयाममा लैजान पहल गर्नुपर्छ ।'

भियतनामका उपराष्ट्रपति सुआनले नेपाल भ्रमणका क्रममा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति यादव, प्रधानमन्त्री केपी शर्मा ओलीसँग शिष्टाचार भेट तथा विश्वसम्पदा सूचीमा सूचीकृत पाटन दरबार क्षेत्र र स्वयम्भूनाथको भ्रमण गर्ने कार्यक्रम छ ।

दुई देशबीच दौत्य सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको अवसरमा यस वर्ष दुवै मुलुकमा विविध कार्यक्रम आयोजना गरिएका छन् । नेपालले आउँदो अक्टोबरमा भियतनामको हनोइमा विशेष कार्यक्रम आयोजना गर्ने राजदूत ओलीले जानकारी दिए । कार्यक्रममा कृषि, पर्यटन, लगानी, व्यापार र सांस्कृतिक आदानप्रदानलाई प्राथमिकताका साथ अघि बढाइने योजना छ । त्यस कार्यक्रममा नेपालका तर्फबाट पनि उच्चस्तरीय भ्रमणको सम्भावना छ ।

दुई मुलुकबीच कूटनीतिक र सरकारी राहदानीवाहकलाई प्रवेशाज्ञा (भिसा) छुट दिने तथा लगानीसम्बन्धी सम्झौताको तयारी भइरहेको राजदूत ओलीले जानकारी दिए । 'नेपालले लगानीमैत्री वातावरण बनाउन सकेमा भियतनामसँग संयुक्त लगानी गर्ने प्रशस्त सम्भावना छ । विशेषगरी कृषि, पर्यटन, 'एग्रो-प्रोसेसिङ', हर्बल उत्पादन र कफी प्लान्टेसनजस्ता क्षेत्रमा सहकार्यका पर्याप्त सम्भावना छन्,' उनले भने ।

दुई देशबीच पर्यटन अर्को सम्भावित क्षेत्रका रूपमा देखिएको छ । नेपाल र भियतनामबीच हालसम्म प्रत्यक्ष हवाई सम्झौता नभए पनि त्यसको प्रक्रिया सुरु गरिएको छ । यसलाई निष्कर्षमा पुऱ्याउन सकेमा दुवै देशबीच पर्यटक आदान-प्रदानमा सहजता हुने अपेक्षा गरिएको थाइल्याण्डका लागि नेपाली आवासीय राजदूत ओलीले बताए ।

विशेषगरी लुम्बिनीलाई केन्द्र बनाएर 'चार्टर फ्लाइट' सुविधा उपलब्ध गराएमा भियतनाममार्ग हुँदै कोरिया, जापानलगायत मुलुकका पर्यटकलाई नेपाल भित्र्याउन सकिने विश्वास गरिएको छ । यसले बौद्ध पर्यटनलाई अझ प्रवर्द्धन गर्ने छ । 'बौद्धमार्गी मुलुक भियतनामले नेपाललाई बुद्ध जन्मभूमि र हिमालको देश भनेर चिन्ने गर्छ । त्यसैले बौद्ध पर्यटन प्रवर्द्धनमा दुवै देशले संयुक्तरूपमा काम गर्न सक्छौं', राजदूत ओलीले भने ।

नेपाल र भियतनाम दुवै मुलुक बुद्ध धर्मसँग सम्बन्धित भएकाले सांस्कृतिक नाता गहिरो छ । अन्तर्राष्ट्रिय मञ्चमा पनि दुवै देश शान्तिप्रिय राष्ट्रका रूपमा परिचित छन् । जलवायु परिवर्तन, हरित विकास र बहुपक्षीय सहकार्यका विषयमा दुवै देशको साझा दृष्टिकोण रहेको राजदूत ओलीको भनाइ छ । उनले भने, 'नेपाल र भियतनामले अन्तरराष्ट्रिय मञ्चमा प्रायः समान खालका आवाज राख्ने गरेका छन् । हामीले एकअर्कालाई निरन्तर सहयोग गर्दै आएका छौं । वातावरणीय विषय, क्षेत्रीय सहकार्य, दिगो विकासलगायत कुरामा हाम्रा समान धारणा छन् ।'

नेपाल-भियतनाम दौत्य सम्बन्धको ५० औं वार्षिकोत्सव द्विपक्षीय सम्बन्धलाई अझ नजिक ल्याउने महत्त्वपूर्ण अवसर मानिएको छ । राजदूत ओलीका अनुसार भियतनामका उपराष्ट्रपतिको नेपाल भ्रमण दुई देशबीचको सम्बन्ध थप मजबुत तुल्याउने महत्त्वपूर्ण कडीका रूपमा रहने छ ।

# पुस्तकालय दिवसका अवसरमा रक्तदान



**काठमाडौं (प्रस)–** 'हाम्रो पुस्तकालय, हाम्रो भविष्य' भन्ने नारासहित यस वर्ष १८औं पुस्तकालय दिवस देशभरि विविध कार्यक्रम गरी मनाइँदै छ । पुस्तकालय दिवस मूल समारोह समितिले यही भदौ १५ गते मुख्य कार्यक्रम आयोजना गरिने जानकारी दिएको हो ।

पुस्तकालय दिवस मनाउने तयारीअनुसार सामाजिक तथा रचनात्मक क्रियाकलाप उपसमितिद्वारा आज रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । काठमाडौंको केशरमहलस्थित केशर पुस्तकालयमा आयोजित कार्यक्रममा पुस्तकालयकर्मी, पाठक तथा कर्मचारीसहित २१ जना स्वयंसेवकले रक्तदान गरे ।

पुस्तकालय दिवसलाई भव्य र सभ्य रूपमा मनाउन शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा मूल समारोह समिति तथा मातहत विभिन्न उपसमिति गठन गरिएको छ । यसअघि सातवटै प्रदेशमा रहेका सामुदायिक पुस्तकालयले आफ्ना पुस्तकालयमा विविध कार्यक्रमको थालनी गरिसकेकाले यही भदौ १५ गतेसम्म आफ्ना पुस्तकालयमा विभिन्न गतिविधि सञ्चालन गर्ने छन् ।

ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजनामा आइतबार 'हाम्रो पुस्तकालय, हाम्रो भविष्य' भन्ने नारासहित चित्रकला कार्यशाला आयोजना हुने छ । संघीय संसद् सचिवालयको पुस्तकालयको आयोजनामा यही भदौ १२ गते सांसदसँग तथा १३ गते त्रिवि केन्द्रीय पुस्तकालयको आयोजनामा विज्ञसँग अन्तरक्रिया हुने प्रचारप्रसार उपसमिति संयोजक राजेन्द्रप्रसाद पाण्डेयले जानकारी दिए ।

त्यस्तै, भदौ १४ गते डिल्लीरमण पुस्तकालयमा पुस्तक दिवसको विशेष कार्यक्रम हुने छ । यसैबीचमा धर्मदेवी संखुवासभा र लेटाङ मोरङमा सामुदायिक पुस्तकालय उद्घाटन तथा कपिलवस्तुमा ४७ वटा सामुदायिक विद्यालयमा शैक्षिक पुस्तकालयको सुरुआत हुने पनि संयोजक पाण्डेयले जानकारी दिए ।

पृष्ठ १ बाट क्रमशः

## शिक्षा...

शिक्षकको विभागीय कारबाहीको व्यवस्था सहमतिअनुसार विधेयकमा सम्बोधन नभएको, विद्यालय कर्मचारीको पद र वेतन सुनिश्चित नभएको, बालकक्षा शिक्षकको पद र सेवासुविधा निश्चित नगरिएको, संस्थागत विद्यालयका शिक्षकको सेवा, सुविधा र पेसा सुरक्षाको उचित प्रबन्ध नगरिएको, सहमतिविपरीत अन्यायपूर्ण र अव्यावहारिक सरुवा प्रणालीको व्यवस्था ल्याएको महासंघले ठहर गरेको छ ।

यसबाहेक पेसाकर्मीको सहमतिविना र त्यस्तै कुनै आकर्षक प्रस्तावविना शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण गर्ने प्रबन्ध गर्नुजस्ता विषयमा पनि महासंघले प्रश्न उठाएको छ ।

स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षकका लागि आन्तरिक प्रतिस्पर्धाको व्यवस्था नगरिएको, सिकाइ अनुदान शिक्षकको कोटा दरबन्दीमा रूपान्तर नगरिएको, प्रधानाध्यापकको ट्रेड युनियन अधिकार खोसिएको, पुनर्बहाली भएका द्वन्द्वपीडित शिक्षकले सेवाबाट बाहिरिन चाहेमा बीचको अवधि गणना गरी उपदान वा निवृत्तिभरण दिन सक्ने व्यवस्था नभएको भन्दै महासंघले विधेयक अमान्य भएको जनाएको हो ।

तर, शिक्षकहरूको विरोध र अस्वीकारको बाबजुद २०२८ सालको शिक्षा ऐनलाई विस्थापन गर्ने गरी ल्याइएको विधेयकले सार्वजनिक विद्यालयको रूपान्तरण तथा शिक्षालाई पहुँचयुक्त र गुणस्तरीय बनाउन जोड दिएको छ । विद्यालय शिक्षाको सुधार र गुणस्तरका लागि प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक चयन गर्ने र जिम्मेवार बनाइने प्रावधान पहिलोपटक राखिएको छ । विधेयकमा राजनीतिक दल वा दलसँग आबद्ध संघसंगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सक्ने प्रावधान छ ।

शिक्षकले बन्द हड्तालमा भाग लिन, पठनपाठन बन्द गर्न वा अन्य कुनै तरिकाबाट बालबालिकाको पढ्ने अधिकारमा बाधा पुयाउने कार्य गर्नसमेत विधेयकले रोक लगाएको छ ।

यद्यपि, विधेयकले विद्यालय शिक्षाको जग मानिने बालविकासमा कार्यरतलाई शिक्षकको रूपमा कायम गरेन । शिक्षा विधेयक भनिए पनि व्यवहारमा शिक्षक विधेयकजस्तो आएको टिप्पणी भइरहेको छ । उनीहरूको विचारमा शिक्षाको दर्शनदेखि गरिखाने शिक्षाको प्रत्याभूत नभएको, कृत्रिम बौद्धिकताजस्ता प्रविधि शिक्षा तथा निजी विद्यालयसँगको सहकार्यलगायतका विषय विधेयकले सम्बोधन नगरेको महासंघ अध्यक्ष सुवेदीले बताए ।

महासंघको सबैभन्दा ठूलो असहमति भनेकै विद्यालय स्थानान्तरण, गाभ्ने, तह घटाउने, दरबन्दी थप्नेलगायत अधिकार स्थानीय तहलाई दिने व्यवस्था गरिएकोप्रति हो । शिक्षकलाई स्थानीय सरकारअन्तर्गत राख्न नहुने महासंघको अडान छ । अध्यक्ष सुवेदीले प्रभावसँग भने, 'शिक्षक संघअन्तर्गत हुनुपर्छ । स्थानीयअन्तर्गत होइन, त्यसो गर्दा न्यायिक हुँदैन र त्यसो हुनाले दरबन्दी पनि संघमै हुनुपर्छ ।'

अस्थायी, राहत, प्राविधिक तथा विशेष शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी बनाउने सहमतिअनुसार पनि विधेयक नआएको महासंघको तर्क छ । सरकार र महासंघबीच गत १७ वैशाखमा नौ बुँदे सहमति भएको थियो । उक्त सहमतिको मर्म र भावनाअनुसार विधेयक नआएको भन्दै पुनः महासंघको नेतृत्वमा शिक्षकहरू आन्दोलित हुने भएका हुन् ।

शिक्षा, विज्ञान तथा प्रविधि समितिबाट पारित विधेयक शुक्रबार प्रतिनिधिसभामा पेस भएको छ । समिति सभापति अम्मरबहादुर थापाले समितिको प्रतिवेदन प्रतिनिधिसभा बैठकमा पेस गरेका हुन् । उनले त्यसक्रममा भनेका थिए, 'सबै पक्ष र सरोकारवालासँग प्रत्यक्ष र अप्रत्यक्षरूपमा पटकपटक छलफल गरेर समितिले विधेयक पेस गरेको छ ।' उनले यसो भने पनि शिक्षकहरू मात्रै होइन, निजी विद्यालय सञ्चालकहरू पनि आन्दोलनमा छन् ।

विधेयकमा गैरनाफामूलक बनाउनुपर्ने र पूर्ण छात्रवृत्ति दिनुपर्ने व्यवस्था राखिएको भन्दै निजी विद्यालय सञ्चालकहरूको संगठन प्याब्सन र एन प्याब्सनले स्कुलका सवारीको ऱ्याली निकालेर विरोध गरेका छन् । विधेयकबाट पूर्ण छात्रावृत्तिको व्यवस्था नहटाए भदौ ९ गतेबाट विद्यालय बन्द गर्ने चेतावनीसमेत प्याब्सनले दिएको छ ।

■■■

## दाहाल–शर्मा...

दाहालको नेतृत्वमा पार्टी अस्पष्ट वैचारिक भूमरिमा फसेको जस्तो आरोप पनि शर्माले लगाउने गरेका छन् । उता अध्यक्ष दाहालले शर्माले सार्वजनिकरूपमा नेतृत्वमाथि प्रश्न उठाएर पार्टीभित्र अनावश्यक विवाद र ध्रुवीकरण सिर्जना गरेको आरोप लगाएका छन् । उनले पार्टी छाड्नसमेत चेतावनी दिने गरेका छन् ।

दाहालले जनार्दनलाई लक्षित गर्दै पार्टीभित्र अनुशासन नमान्ने र बाहिर सार्वजनिकरूपमा नेतृत्वमाथि आक्रमण गर्ने नेताहरूले संगठनलाई कमजोर पार्ने अभिव्यक्ति दिँदै आएका छन् । उनले शर्माको नाम नलिए पनि व्यक्तिगत महत्त्वाकांक्षाले पार्टीलाई अप्ठ्यारोमा पार्ने बताए । बिहीबार उनले शर्मालाई लक्षित गर्दै पार्टी अनुशासन नमान्नेलाई कारबाही हुने चेतावनीसमेत दिए ।

'अब पार्टीभित्र गुट, उपगुटलाई छुट दिइँदैन । नीति, निर्णय र नियमविपरीत जाने, नेतृत्वविरुद्ध जानेलाई कारबाही हुन्छ,' दाहालले अखिल नेपाल ट्रेड युनियन गण्डकीले आयोजना गरेको कार्यक्रममा भने, 'आफ्नै खुट्टामा बञ्चरो हान्ने बाटोमा कोही पनि लाग्न हुँदैन ।' गएको महाधिवेशनबाट शर्मा महासचिव हुन चाहन्थे । तर, अध्यक्ष दाहालले देव गुरुङलाई बनाएपछि असन्तुष्ट छन् । उनै शर्माकै कारण गत विधान महाधिवेशनबाट माओवादीले नेतृत्वमा पनि प्रत्यक्ष निर्वाचन गर्ने प्रावधान भएको विधानलाई पारित गरेको छ ।

पार्टी संगठनमा प्रभावशाली शर्मालाई अध्यक्ष दाहालले चुनौतीको रूपमा लिने गरेका छन् । जबकि, युद्धकालभर जनार्दन दाहालका सैन्य मोर्चाका असाध्यै विश्वासपात्र थिए । यतिबेला भने दुई नेता आमनेसामने भइरहेका छन्, जसकारण कतै पार्टी त विभाजन हुँदैन ? कतिपय माओवादी नेता कार्यकर्तामा संशय छ ।

■■■

## साउनमा...

विभागको तथ्यांकअनुसार साउनमा जिटुजी प्रणालीमार्फत दक्षिण कोरियामा ७८९ गएका छन् । कोरिया जानेमा ६९४ जना पुरुष र ९५ जना महिला छन् । कोरियामा व्यक्तिगत श्रम स्वीकृति लिएर ७८ जना गएको तथ्यांक छ, जसमा चार जना महिला छन् । त्यसैगरी, जिटुजीमार्फत ३० जना पुरुष र पाँच जना महिला गरी जम्मा ७५ जना इजरायल गएका छन् ।

साउनमा व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति नवीकरण गरेर जम्मा १०५ वटा मुलुकमा नेपालीहरू गएका छन् । म्यानपावर कम्पनीहरूले विभिन्न १२ वटा मुलुकमा श्रमिक पठाएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर युवाहरू ८८ वटा मुलुकमा रोजगारीका लागि पुगेका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर ३८ वटा मुलुकमा १० जनाभन्दा कम श्रमिक गएका छन् भने १५ वटा मुलुकमा एक जनामात्र श्रमिक गएका छन् ।

जिल्लागत तथ्यांकअनुसार रोजगारीका लागि सबैभन्दा बढी धनुषाबाट तीन हजार ३४८, झापाबाट दुई हजार ९६१, सिरहाबाट दुई हजार ८५५, महोत्तरीबाट दुई हजार ७४३ र मोरङबाट दुई हजार ७०७ जना रोजगारीका लागि विदेसिएका छन् । उनीहरू व्यक्तिगत संस्थागत र श्रम स्वीकृति नवीकरण गरेर गएका हुन् । सबैभन्दा कम मुस्ताङबाट ३० जनामात्र गएको विभागको तथ्यांक छ । रोजगारीमा गएका महिलाहरूमध्ये सबैभन्दा बढी झापाबाट ७१० जना मोरङबाट ५१२, सिन्धुपाल्चोख कबाट ४१५, मकवानपुरबाट ४१० र काभ्रेबाट ३३२ जना रहेका छन् ।

उक्त एक महिनामा १९ हजार २४६ जना अदक्ष श्रमिक रोजगारीमा जाँदा ९३ जना उच्च दक्ष श्रमिक गएका छन् । त्यसैगरी दक्ष श्रमिक ३७ हजार ७१३, अर्धदक्ष श्रमिक १० हजार ७१८ र व्यावसायिक दक्षता भएका श्रमिक ३४० जना रोजगारीमा गएको विभागले उल्लेख गरेको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०५/०८**

यस कम्पनीको मिति २०८२।०४।२६ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **नोबेल डेन्टल केयर** (दर्ता नं. ३०८८९३) को नाममा रहेको चल -अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **श्री डेन्टल केयर प्रा.लि**. ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौं ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०५/०८**

यस कम्पनीको मिति २०८२/०४/०४को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **ई.सेन्टर डट कम** (दर्ता नं. २४१३४०) को नाममा रहेको चल -अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **नौका ट्रेडिङ कम्पनी प्रा.लि**. ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौं ।

**Dodhara Chandani Municipality**
**Office of the Municipal Executive**
**Dodhara Chadani, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

**Invitation For Bids**

**First Date of Publication: 2082/05/08**

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for Medicine Procurement work, and the Municipality int`ends to apply the funds to cover eligible payments under the Contract for Procurement work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at the office of Dodhara Chadani Municipality or www.bolpatra.gov.np
3. Bidding documents may be purchased from www.bolpatra.gov.np by eligible Bidders, on submission of awritten application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) (30th day.) from the first date of publication of this notice.
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12.00hr. noon on 2082/06/07. Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality DodharaChadani, Kanchanpur on 2082/06/07 and 14.00hr. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of as mention below, which shall be valid for 30 days beyond the bid validity period.
6. Bid Through eg-p, they may submit Bid Document Fee in form of cash, in SanchitKosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodharachadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in Dharauti Khata Account No : 0823501563767108, Agricultural Development Bank, Dodharachadani branch.
   Account Name. Dharauti Khata and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs.(Excluding VAT& PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| DCM/04/ MPW/2082/083 | Medicine Procurement Work | 30,00,000/00 | 80,000.00 | 3000.00 |

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Officer**

## तस्बिरमा गोकर्णेश्वर मेला









१) र २) काठमाडौंको गोकर्णेश्वर नगरपालिका-४ स्थित बागमती नदी किनारमा रहेको गोकर्णेश्वर मन्दिर परिसरमा शनिबार बिहान कुशे औंसीका दिन दिवंगत पितालाई तर्पण, सिदादान र पिण्ड अर्पण गर्दै भक्तजन । ३) र ४) गोकर्णेश्वर मन्दिर परिसरमा शनिबार बिहान कुशे औंसीका दिन दिवंगत पितालाई तर्पण, सिदादान र पिण्ड अर्पण गर्न आएका भक्तजनको घुइँचो । *तस्बिरहरू: रासस*

# भाद्रकृष्ण औंसी: सनातन धर्मावलम्बीका घरघरमा भित्र्याइयो कुश

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रत्येक वर्ष भाद्रकृष्ण औंसीका दिन मनाइने कुशे औंसी पर्व शनिबार वैदिक सनातन धर्मावलम्बीले वर्षभरि देवकार्य तथा पितृकार्यमा प्रयोग गरिने पवित्र कुश घरघरमा भित्र्याएका छन् ।

शास्त्रोक्त विधिअनुसार पूजा गरी उखेलेर जजमानकहाँ पुर्‍याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ । यस दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरु दिन उखेलिएको कुश त्यसै दिनमात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले जानकारी दिए ।

सनातन धर्मावलम्बीले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीक मान्दछन् । सृष्टिकर्ता ब्रह्माजीले विवेकशील प्राणीसँगै पवित्र कुश पनि उत्पन्न गरेको धार्मिक विश्वास छ । कोशे औंसीका दिन घरघरमा राखिएको कुश वर्षभर हुने देवकार्य एवं पितृकार्यमा प्रयोग गरिन्छ ।

### मनाइयो पितृसम्मान दिवस

यसै अवसरमा छोराछोरीले शनिबार परम्पराअनुसार आफ्ना बाबुलाई मन पर्ने मिठाइ तथा भोजन खुवाइ आदर सम्मान प्रकट गरी बाबुको मुख हेरेका छन् । बाबु नहुनेले भने विभिन्न पवित्र स्थानमा गई आफ्ना बाबुको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिएका छन् ।

कुशे औंसीका दिन विशेषगरी उत्तरगया भनेर चिनिने काठमाडौंको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर परिसरमा विशेष मेला लागेको छ । यसैले यस औंसीलाई गोकर्ण औंसीका नामले पनि चिनिन्छ । यस अवसरमा मन्दिर परिसरमा दिवंगत बाबुको नाममा तर्पण, पिण्डदान तथा सिदादान गर्नेहरूको भीड लागेको थियो ।

यसैगरी रसुवा र नुवाकोट संगमस्थल वेत्रावतीको मेलामा पनि लाखौं भक्तजनले दिवंगत पितृप्रति श्रद्धाभाव प्रकट गरेका छन् । 'पितृदेवो भव' भन्ने धार्मिक मान्यताअनुरूप यस दिन छोराछोरीहरूले आफ्ना जीवित बाबुलाई श्रद्धापूर्वक रुचिअनुसारको खाना खुवाइ आशीर्वाद प्राप्त गरेमा सुख मिल्छ भन्ने मान्यता रही आएको छ । बाबु परलोक भइसकेकाहरूले गोकर्ण अथवा अन्य तीर्थस्थलमा गई तर्पण तथा सिदादान गरेमा पुण्य मिल्नाका साथै आफ्नो कुल स्थिर हुने बुद्धोक्त पाराजिकाय नामक धर्मग्रन्थमा उल्लेख छ ।

यस दिन थोरै दान गरे पनि हजारौं गुणा बढी फल पाइने भएकाले पुण्य पर्व पनि भनिन्छ । दान कुपात्रमा परे दिने र लिने दुवै नरक जाने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् गौतमले सुनाए । अरु दान दीन दुःखीलाई दिए पनि संकल्प गरेर दिने दान सुपात्रमै दिइनुपर्छ भन्ने शास्त्रीय मान्यता रहेको उनले उल्लेख गरे ।

# पर्साका हैजा प्रभावित क्षेत्रमा खानेपानी परीक्षण टोली परिचालन



■ प्रभाव संवाददाता

**काठमाडौं–** पर्साको वीरगञ्जका हैजा प्रभावित क्षेत्रमा खानेपानी परीक्षणका लागि टोली परिचालन गरिएको छ । खानेपानी तथा ढल व्यवस्थापन विभागबाट आवश्यक सामग्रीसहित मोबाइल भ्यान टोली खटाइएको विभागका महानिर्देशक रामकुमार श्रेष्ठले जानकारी दिए । 'खानेपनीमन्त्रीज्यूको निर्देशनपश्चात् विभागबाट आवश्यक सामग्रीसहित प्राविधिक टोली प्रभावित क्षेत्रमा पठाएका छौं । टोलीले पानी परीक्षण र जनचेतनामूलक कार्य सुरु गरिसकेको छ,' उनले भने ।

वीरगञ्जमा शुक्रबार तीन जनामा हैजाको संक्रमण पुष्टि भएको थियो । खानेपानीमन्त्री प्रदीप यादव पनि हैजा प्रभावित क्षेत्रमा पुगेर त्यहाँको अवस्थाबारे जानकारी लिएको उनको सचिवालयले जानकारी दिएको छ । त्यस क्रममा उनले हैजा नियन्त्रणका लागि सरकार संवेदनशील रहेको बताएका छन् ।वीरगञ्जका विभिन्न अस्पतालमा पुगेपछि मन्त्री यादवले भने, 'हामी हैजा नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालय, स्थानीय तह तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरेर काम गरिरहेका छौं । सरकार यस विषयमा निकै गम्भीर छ ।' मन्त्री यादवले हैजा प्रभावित क्षेत्रमा शुद्ध खानेपानीको आपूर्ति सुनिश्चित गर्न मन्त्रालयले विशेष पहल गरिरहेको जानकारी दिए ।

उनले वीरगञ्ज महानगरपालिकाको हैजा प्रभावित क्षेत्रहरूको स्थलगत अनुगमन तथा निरीक्षणसँगै त्यहाँको नारायणी अस्पताल, तराई हस्पिटल, वीरगञ्ज हेल्थ केयरलगायत अस्पतालमा उपचाररत संक्रमित बिरामीहरूको अवस्थाबारे जानकारी लिएका थिए ।


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/०५/०८ गते (प्रभाव राष्ट्रिय दैनिक)**

यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिमको तिर्न बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघन गरेको र संस्थाबाट लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत संस्थाको लेना रकम चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले पुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना प्रकाशित गरेको मितिले ३५ दिन भित्रमा यथाशिघ्र यस संस्थामा सम्पर्क गरी आफुले तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज र हर्जना सहितको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्नुहुन जानकारी गराईन्छ । उल्लेखित मिति भित्र पनि तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जना लगायत सम्पुर्ण रकम संस्थामा दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा लगानी तथा असुली निति तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम ऋणीको तपशिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरि ऋणीलाई कालो सुचीमा सुचिकृत गर्न समेत पठाउने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १. | **नाम : सबिता श्रेष्ठ**<br>बाबु : भाईलाल श्रेष्ठ<br>बाजे : कृष्ण बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : दक्षिणकाली-०२, काठमाण्डौ<br>ना.प्र.नं.: ३२४६<br>जि.प्र.का.: काठमाण्डौ<br>जारी मिति : २०६०/०६/०६ | १. ऋणी सबिता श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल न.पा वडा नं ६, कित्ता नं ३१९ को क्षेत्रफल १५३.६१ ब.मी. को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**सदस्य सेवा** बचत तथा ऋण सहकारी संस्था लि.
SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.
प्रधान कार्यालयः का.म.न.पा.-३२, कोटेश्वर, फोन नं.: ०१-५१९९०९८, ५१९९४७९



**Bethanchok Rural Municipality**

## Office of Rural Municipal Executive

**Dhungkharka, Kavrepalanchowk**

**Bagamati Province, Nepal**

## Invitation for Bids

**Date of Publication: 2082/05/08**

Bethanchok Rural Municipality, Office of Rural Municipal Executive, Dhungkharka Kavre invites online electronic bids only from Nepalese eligible bidders for the following bids under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No:- | Name of Contract | Estimated Amount (Including VAT, P.S NRs) | Bid Submission Last Date & Time | Bid Opening Date & Time | Bid Security (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/082/83/ WORKS/01 | Dolakhola Khorthali Guwabhanjyang Road | 2,00,00,000.00 | 2082/06/07 12:00 | 2082/06/07 13:00 | 5,00,000.00 | NCB |
| 2. | BRM/082/83/ WORKS/02 | Patikharka Chalal Ganeshsthan Parthali Geldung Chyamrangbesi Road | 1,74,00,000.00 | 2082/06/07 12:00 | 2082/06/07 13:00 | 4,35,000.00 | NCB |
| 3. | BRM/082/83/ WORKS/03 | Chyasingkharka Health Post Building Construction | 1,55,00,000.00 | 2082/06/07 12:00 | 2082/06/07 13:00 | 3,88,000.00 | NCB |
| 4. | BRM/082/83/ WORKS/04 | Geldungkhola Culvert Works | 65,50,000.00 | 2082/06/07 12:00 | 2082/06/07 13:00 | 1,64,000.00 | NCB |
| 5. | BRM/082/83/ WORKS/05 | Golgaun Tawari Bhugdeu Road | 50,00,000.00 | 2082/06/07 12:00 | 2082/06/07 13:00 | 1,25,000.00 | NCB |

1. Eligible Bidders may obtain further information at the office of Bethanchowk Rural Municipality, Office of Rural Municipal Executive, Dhungkharka Kavrepalanchowk or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder may download the bidding document for e-submission from PPMO's website. Bidder should deposit the cost of bidding document **Rs 3,000** for National Competitive Bids in the Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of submission of bids.
   **Name of bank**: Global IME Bank Ltd, **Name of office**: Bethanchowk Rural Municipality, **Office Account Number**: 12204010000005, **Account Name**: GA. 1. 1. AANTARIK RAJASWO KHATA BETHANCHOWK, **Reveune Head No:**14229
3. The bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of as mentioned in above table which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राजमार्गमा सूचना प्रणाली प्रभावकारी बनाऊ

**बर्खाको समयमा मुलुकका अधिकांश राजमार्गहरू जोखिमपूर्ण हुन्छन् । ठूलो वर्षात्का कारण आउने बाढीपहिरोले हरेक वर्ष राजमार्गमा ठूलो धनजनको क्षति पुऱ्याउँछ । जसको उदाहरण २०८१ असोज दोस्रो साता बिपी राजमार्गमा बाढीपहिरोले पुऱ्याएको क्षतिलाई लिँदा काफी हुन्छ । उक्त राजमार्गअन्तर्गत भकुण्डे–सिन्धुली सडकखण्ड क्षतविक्षत बन्यो । सयौं सवारीसाधनका हजारौं यात्रीलगायत अलपत्रमा परे । राजमार्गको विभिन्न स्थानमा बाढीपहिरोले सडक अवरुद्ध हुँदा सडकखण्डका बीचमा अलपल परेका यात्रीलाई स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको पहलमा हवाई उद्धार गर्नुपरेको थियो ।**

**बिपी राजमार्गमात्रै होइन, अन्य राजमार्गहरूको अवस्था हरेक बर्खाको समयमा यस्तै हुने गर्दछ । हरेक वर्ष ठूलो धनजनको क्षति पुऱ्याउँदै आएको भए पनि यस्तो क्षति न्यूनीकरणमा सरकारले प्रभावकारी काम गर्न सकेको देखिँदैन । जोखिम न्यूनीकरणका लागि काम गरिरहेको दाबी गरे पनि नतिजा देखिएको छैन ।**

**त्यसो त सरकारले विपद् जोखिम न्यूनीकरणका लागि छुट्टै प्राधिकरण नै गठन गरेको छ । उक्त प्राधिकरणले बाढीपहिरो, हावाहुरीजस्ता विपद्को सम्भावित जोखिमबारे पूर्वसूचना प्रवाह गर्दै आएको छ । यस्तै मौसमसम्बन्धी पूर्वानुमान जल तथा मौसम विज्ञान विभागले दिँदै आएको छ । तर, यस्ता पूर्वसूचनाहरू अपेक्षाकृत प्रभावकारी बन्न सकेको छैन । जसले गर्दा धेरै क्षति हुने गरेका घटनाहरू प्रशस्त छन् ।**

**अर्को महत्त्वपूर्ण कुरा राजमार्गहरूमा यात्रीलाई सूचित गराउने आकष्मिक सूचना प्रणालीलाई चुस्त बनाउनुपर्ने हो । तर, जोडिएका सूचना प्रणालीसमेत सरकारले समयमा मर्मत नगर्दा प्रयोगहीन बनेको पाइएको छ । यस्तो अवस्था बिपी राजमार्गमासमेत देखिएको हो । सिन्धुलीबाट काठमाडौंतर्फ आउने र काठमाडौंबाट त्यसतर्फ जाने यात्रीलाई सडक अवरुद्ध एवं जोखिमपूर्ण रहेको सूचना दिन जडान गरिएको सूचना प्रणाली विगत पाँच वर्षदेखि नै प्रयोगविहीन बनेको पाइएको छ । यो सडक विभागको ठूलो लापारवाही हो । गत वर्षको बाढीको समयमा उक्त राजमार्ग भएर यात्रारत यात्रुहरूलाई आकष्मिक सूचना प्रवाह गरेको भए उनीहरूले सास्ती बेहोर्नुपर्ने थिएन ।**

**राजमार्गलाई सुरक्षित बनाउने योजना कार्यान्वयनमा जिम्मेवार नबन्दा यस्तो बेथिति देखिएको हो । जसको मारमा जनता परिरहेका छन् । राजमार्गमा डिजिटल बोर्ड देखाउनलाई मात्रै जडान गर्ने होइन, त्यसलाई अद्यावधिक गरी प्रभावकारी सूचना प्रवाह गर्ने माध्यम बनाउन जरुरी छ । नागरिकको सुरक्षाका लागि त्यस्तो सूचना प्रणाली अत्यावश्यक छ । सबै राजमार्गहरूमा सूचना प्रणालीलाई चुस्त बनाइ सुरक्षित यात्रा सुनिश्चित गर्न र सम्भावित जोखिमबाट बचाउन राज्य जिम्मेवार बन्नुपर्छ । यसतर्फ सरकारको ध्यान जाओस् ।**

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# यसरी हट्न सक्छ छाउप्रथा



■ अमृता अनमोल

> महिलाहरू पुरुषको तुलनामा धेरै भावनात्मककरूपमा संवेदनशील हुन्छन् । यही देखेर होला समाजले पनि सीप र शिक्षायुक्त होइन, धर्म र परम्परा मान्ने महिलालाई असल छोरी, बुहारी, आमा र पत्नीको दर्जा दिने गरेको छ । राम्रो नराम्रो जे भए पनि धार्मिक परम्परा वा संस्कार मान्नेलाई शालिन र आदर्शको महिलाको रूपमा चित्रण गर्ने गरेको छ । जीवनमा आइपर्ने समस्या कर्म गरेरभन्दा भगवान् र कुलपितृ पुकारेर र पूजा गरेर समाधानको प्रयास गर्न सिकाएको छ । धर्मपालन गर्नु कर्तव्यका रूपमा सिकाएको छ । यसको प्रभावले महिनावारीमा छुइप्रथा हट्न र छाउ गोठ भत्कन नसकेको हो ।

अट्ठाइस वर्षीया कमला दमाईको गत असार २८ मा छाउ गोठमा सर्पले डसेर मृत्यु भयो । उनी कञ्चनपुरको कृष्णनगरकी कमला छाउ बार्न छिमेकीको छाउ गोठमा सुत्न गएकी थिइन् । कमलाको पक्की घर थियो । तर, छाउ अर्थात् महिनावारीमा घरभित्र बस्दा देउता रिसाउँछन् । कुल पितृले सराप्छन् भन्ने डरले उनी घरमा सुत्न सकिनन् । छाउ अर्थात् महिनावारीमा गोठमा सुत्ने र समस्या भोग्ने कमला जस्ता धेरै महिला छन् ।

महिनावारी नितान्त महिलासँग सम्बन्धित विषय हो । महिनावारीको समयमा छोइछिटो बार्दा महिलाले नै समस्या भोगेका छन् । तर पनि महिलाले नै अपनाएका छन् र अपनाउन सघाइरहेका छन् । सुदूरपश्चिमका ग्रामीण भेगमा महिनावारीमा सुत्न छाउ गोठ नै बनाइएका छन् । बेलाबेलामा सामाजिक अभियन्ताहरूले छाउ गोठ भत्काउँछन्, फेरि स्थानीयले बनाउँछन् । धेरै वर्षदेखि यो सिलसिला चलिरहेको छ । अन्य क्षेत्रमा कतै घरभित्र त कतै बाहिर बसेर छाउ अर्थात् महिनावारीमा छुइप्रथा मानिरहेका छन् । घर बाहिरका छाउ गोठ भत्किए पनि मनभित्र बनेका छाउ गोठ भत्किएका छैनन् । छाउप्रतिको सोच बदलिएका छैनन् । धर्म र परम्पराका नाममा जकडिएर बसेका छन् । यसैले हिन्दू धर्म मान्ने धेरै महिलाहरू आफूलाई समस्यामा राखेर पनि यो वा त्यो नाममा महिनावारीमा छुइ बार्ने र अछूत बन्ने गरिरहेका छन् ।

छाउ प्रथाबारे सर्वोच्च अदालतले करिब २० वर्षअघि अर्थात् २०६२ वैशाख १९ गते सरकारका नाममा आदेश नै जारी गरेको थियो । त्यसमा पश्चिम नेपालमा व्याप्त छाउ प्रथालाई कुरीति घोषणा गरी अन्त्य गर्न आवश्यक निर्देशिका बनाई लागू गर्न आदेश दिइएको थियो । तर, छाउ गोठबारे सम्बन्धित निकायले चासो नदिएपछि किशोरीहरू महिनावारीमा छाउ गोठमा बस्ने र ज्यान गुमाउने भइरह्यो । यस्तो क्रम बढेपछि २०७६ सालमा गृह मन्त्रालयले छाउ गोठ भत्काउन र छाउको पक्षमा उभिनेलाई कारबाही गर्न नै निर्देशन दिएको थियो । कतिपय स्थानीय तहले छाउ गोठमा बसाल्नु कानुनविपरीत ठहराउँदै त्यस्तालाई राज्यबाट दिने सुविधाबाट पनि वञ्चित गरेका छन् । तर, मानिसका मनमा बसेको छाउ अर्थात् महिनावारीप्रतिको धारणा धेरै फेरिएको छैन ।

महिनावारी जैविक प्रक्रिया हो । जुन महिलाको प्रजनन क्षमतासँग सम्बन्धित छ । किशोरी उमेर सुरु भएपछि महिलाको प्रजनन् क्षमता रहँदासम्म महिनावारी कायम रहन्छ । महिनावारी महिलाको प्रजनन् प्रणालीको नियमित चक्र हो । महिनावारीको बेला प्रजनन्योग्य अण्डा फुटेर पाठेघरको भित्तामा भएको रगत र तन्तुहरू शरीरबाट बाहिर निस्कने हो । यही प्रक्रियामा निस्कने रगतलाई अशुद्ध मानेर महिनावारीमा छोइछिटो बार्ने चलन सुरु भएको हो । महिनावारी बार्ने चलन हिन्दू धर्मसँग सम्बन्धित छ । त्यो पनि धार्मिकरूपमा शक्तिशाली मानिने हिन्दू धर्मका देवीका बारेमा चर्चा गर्दा उनीहरू महिनावारी भएको चर्चा कतै छैन । लक्ष्मी, सरस्वती, दुर्गालगायतका शक्तिशाली देवी महिनावारी भएको वा त्यस्तो बेला कुनै सभा रोकिएको कतै उल्लेख छैन । मनुस्मृतिमा आएर मात्रै महिनावारीको चर्चा छ । जसमा महिनावारीको समयमा पाँच दिन अलग बस्नुपर्ने र कसैसँगै सुत्न नहुने भनिएको छ । महिनावारीको पाँच दिनसम्म स्नान, जप, हवन वा धार्मिक काम गर्नु हुँदैन भनिएको छ । धर्मशूत्रमा पनि महिनावारीलाई अपवित्र मान्ने, धार्मिक काममा निशेध गर्ने, छोइछिटो गर्ने र अलग्गै बस्नुपर्ने नियम उल्लेख छ ।

ऋषिपञ्चमी कथामा महिनावारी नबार्दा महिला आफूले पाउने समस्यामात्र होइन, आफ्ना पति र सन्तानले व्यहोर्नुपर्ने पापबारे उल्लेख गरिएको छ । यसले महिलालाई महिनावारीको समयमा अछूत ठान्दै धार्मिक, सामाजिक र पारिवारिक जीवनबाट अलग बस्नुपर्ने नियममा बाँधेको छ । अशिक्षितमात्र होइन, कतिपय शिक्षित महिलाहरू पनि धर्म नाश हुने डरले छुइप्रथा अपनाइरहेका भेटिन्छन् । गाउँमात्र होइन, सहरका महिला पनि महिनावारीमा छोइछिटो बारेका हुन्छन् ।

पछिल्लो समय प्रश्न उठेको छ, महिलाहरू आफैंलाई पीडा दिँदै र समस्या भोग्दै महिनावारी तथा छाउ किन बार्छन् ? यसको सोझो उत्तर हो, अधिकांश महिलाले धर्मलाई आफू र आफ्नो परिवारको रक्षा कवजका रूपमा लिन्छन् । धर्म कथालाई मार्गदर्शन मान्छन् । त्यसको पालना नगरे पाप लाग्छ भन्ने ठान्छन् । धेरैजसो धार्मिक नियम महिलामा केन्द्रित छन् । तिनका नियम मिचे आफूभन्दा त्यसको पापबाट पति वा सन्तानलाई अशुभ हुने लेखिएको हुन्छ । अधिकांश महिला आफूभन्दा आफ्नो परिवार, पति र सन्तानलाई धेरै माया गर्छन् । आफ्ना कारण आफ्ना प्रियजनलाई केही हुने पो हो कि भन्ने डरले महिलाहरू आफूलाई समस्या भए पनि धार्मिक नियममा बाँधिइरहेका हुन् । यही प्रभाव महिनावारीमा पनि देखिएको हो । महिनावारीमा छाउ नबसे वा अछूत व्यवहार नगरे धर्म नासिने र परिवार एवं सन्तानलाई आपत् आइलाग्ने डर देखाइएको छ । यही डरले महिलाहरू समस्या भोगेरै भए पनि महिनावारी बारिरहेका छन् ।

महिलाहरू पुरुषको तुलनामा धेरै भावनात्मकरूपमा संवेदनशील हुन्छन् । यही देखेर होला समाजले पनि सीप र शिक्षायुक्त होइन, धर्म र परम्परा मान्ने महिलालाई असल छोरी, बुहारी, आमा र पत्नीको दर्जा दिने गरेको छ । राम्रो नराम्रो जे भए पनि धार्मिक परम्परा वा संस्कार मान्नेलाई शालिन र आदर्शको महिलाको रूपमा चित्रण गर्ने गरेको छ । जीवनमा आइपर्ने समस्या कर्म गरेरभन्दा भगवान् र कुलपितृ पुकारेर र पूजा गरेर समाधानको प्रयास गर्न सिकाएको छ । धर्मपालन गर्नु कर्तव्यका रूपमा सिकाएको छ । यसको प्रभावले महिनावारीमा छुइप्रथा हट्न र छाउ गोठ भत्कन नसकेको हो ।

सामान्यतया धर्म भनेको धारण गर्ने कुरा हो । अदृश्यरूपमा धारण गरिएको कुरा धारणा हो । यसले जीवन जीउने कला सिकाउँछ । पुरानो धारणा फेर्न नयाँ धारणा चाहिन्छ । छाउ अर्थात् महिनावारीको सन्दर्भमा कानुन बन्यो तर धारणा फेर्ने काम गरिएन । यसैले कागजमा कानुन बन्यो दृश्यमा छाउ गोठ भत्किए तर मनका छाउ भत्किएनन् । छाउप्रतिको धारणा फेर्न मानिसमा सामाजिक जागरण चाहिन्छ, उत्प्रेरणा चाहिन्छ । छाउ नबार्दा अनिष्ट हुन्छ भनेर बसेको गहिरो भावना फेर्न केही हुन्न भन्ने बलियो आत्मविश्वास चाहिन्छ । त्यो आत्मविश्वास धार्मिक, सामाजिक र राजनीतिकरूपमा अगाडि बढेका व्यक्तिले देखाउनुपर्छ । समयअनुसार धार्मिक व्याख्या गरिनुपर्छ । समयअनुसार सामाजिक चेतना प्रवाह र आत्मजागरणका कार्यक्रम गरिनुपर्छ । त्यसमा राजनीतिक सामाजिक र धार्मिक अगुवा चुकेका छन् ।

प्रथा वा परम्परा कुनै व्यक्ति, क्षेत्र वा समुदायका संस्कार हुन् । तर, जुन प्रथा वा परम्पराले समाजमा विकृति ल्याउँछ । अधिकांशको अहित हुन्छ । सामाजिक भेद्भाव ल्याउँछ । त्यस्तो प्रथा वा परम्परा कुप्रथा हो । यसलाई बचाउने होइन त्याग्नुपर्छ । राज्य अभिभावक हो । सरकार नागरिकको सारथी हो । यसैले छाउप्रथा कुप्रथा हटाउन सरकारले अभिभावकीय भूमिका खेल्नुपर्छ । कानुनी, धार्मिक र सामाजिक जागरणका काममा सरकार अगाडि लाग्नुपर्छ । त्यसमा तीन तहकै सरकार चुकेका छन् ।

भौतिक पूर्वाधार बलियो बनाउन खटेका सरकार अब कुरीति फेर्न नागरिकको मन बलियो बनाउने अभियानमा जुट्नुपर्छ । लामो समयदेखि मनमा बसेको छाउप्रतिको डर हटाउन नागरिक अभियान चलाउनुपर्छ । निडर अभियन्ता खोज्नुपर्छ । अभियानमा छाउप्रथा नमान्ने सामाजिक, धार्मिक र राजनीतिक खटाउनुपर्छ । ताकि तिनलाई हेरेर र देखेर सर्वसाधारण महिलाले मनको छाउगोठ भत्काउन सकून्, महिनावारीमा छोइछिटो त्याग्न सकून् । महिनावारी नबार्दा अनिष्ट हुने डरले समस्या भोगेकाले केही हुन्न भन्ने आत्मविश्वास भर्न सकून् । यो काम जहिलेबाट सुरु हुन्छ छाउगोठ र महिनावारीमा छुइप्रथा व्यवहारमै हराउने छ । छाउप्रथा वा महिनावारी कुप्रथाको मारमा परेका महिलाले उन्मुक्ति पाउने छन् । *रासस*

## पाठक मञ्च

# सरकारी शिक्षक र निजी विद्यालयको राजनीति, मारमा विद्यार्थी

२०८१ चैत २१ गतेदेखि ०८२ वैशाख १७ गतेसम्म नेपाल शिक्षक महासंघको नेतृत्वमा देशभरका सरकारी तथा सामुदायिक विद्यालयका शिक्षक राजधानीमा उत्रिएर आन्दोलन गरे । जनताको करबाट तलबभत्ता खाएर जनताकै छोराछोरी पढाउन छोडेर सेवासुविधा वृद्धिलगायत विभिन्न माग राखेर उनीहरूले आन्दोलन गरेका थिए ।

शिक्षकको काम पढाउने हो । यद्यपि, हामीकहाँ चाहिँ ठ्याक्कै उल्टो छ । कक्षाकोठाभन्दा राजनीतिक दलको कार्यक्रममा शिक्षक बढी देखिन्छन् । बिहान विद्यालय गयो, हाजिर गऱ्यो अनि दलको कार्यक्रममा दौडियो । यही हो सरकारी विद्यालयका अधिकांश शिक्षकहरूको दिनचर्या । फेरि यसलाई प्रोत्साहन गर्नेचाहिँ शिक्षक महासंघ हो ।

शिक्षक महासंघले विद्यार्थी नपढाउने शिक्षकलाई कारबाही गर्नुपर्ने हो । यहाँ त महासंघकै आह्वानमा शिक्षक आन्दोलनमा होमिन्छन्, दलको कार्यक्रममा दौडिन्छन् । हुन त महासंघ पनि दलनिकट नै पऱ्यो । महासंघमा बसेका हरेक पदाधिकारी कुनै न कुनै दलमा आबद्ध रहेको पाइन्छ । सरकारी तथा सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाले महासंघको सदस्यता लिएका छन् ।

सदस्यता लिँदा महासंघलाई निश्चित रकम तिर्नुपर्छ । र, पदअनुसार महिनाको एक हजारदेखि पाँच हजार रूपैयाँ लेबी महासंघलाई नै तिर्नुपर्छ । सरकारी, करार शिक्षकको पदअनुसार महिनाको ३५ हजारदेखि लाखौं तलब छ । दसैंमा पेश्की दिइन्छ । उपचार खर्च दिइन्छ । वर्षमा दुई जोर पोसाक दिइन्छ । अझ सरकारी सेवामा सबैभन्दा धेरै बिदा पाउने भनेकै शिक्षक छ ।

बर्खा लागे पनि छुट्टी, हिउँद लागे पनि छुट्टी । दसैं तिहारमा त झन् एक महिना नै बिदा हुन्छ । सरकारी विद्यालयमा गरिबका छोराछोरी पढ्छन् । त्यसैले, विभिन्न संघसंस्था वा निकायले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि स्टेसनरीलगायत सामान सहयोग गरेका हुन्छन् । तर, शिक्षकहरूले त्यसमासमेत घोटाला गर्छन् । विद्यालयका प्राधानाध्यापकसहितको मिलेमतोमा विद्यार्थीका लागि आएको सहयोग सामग्री पसल लगेर बेचिन्छ । यतिमात्र होइन, विद्यालयको पूर्वाधार निर्माणलगायतका लागि आएको बजेटमा पनि भ्रष्टाचार गरिन्छ । कामै नगरी झूठा प्रतिवेदन र बिल बनाएर भुक्तानी लेनदेन गरिन्छ ।

त्यो पैसा विद्यालय व्यवस्थापन समितिका अध्यक्षदेखि शिक्षक, उपभोक्ता समितिका पदाधिकारीसम्मले हिनामिना गर्छन् भने विद्यार्थी भने भाँचिएको कुर्सीमा बसेर पढ्न बाध्य हुन्छन् । अहिले पनि धेरैजसो सरकारी विद्यालयको अवस्था दयनीय छ । विद्यार्थीहरू भुइँमै बसेर पढिरहेका देखिन्छ भने खानेपानी अभाव, शौचालयको कमीलगायत धेरै समस्या छन् ।

विद्यालयमा यस्ता अभाव देखिँदा त्यही पूर्वाधार निर्माणका निम्ति भने सम्बन्धित निकायबाट बर्सेनि लाखौं बजेट आएको पाइन्छ ? अनि त्यो बजेट कहाँ गयो त ? भाँचिएको बेञ्च किन्दैमा त बजेट सकिएन होला ? यसको एउटै र स्पष्ट जवाफ छ, भ्रष्टाचार । अब प्रश्न उठ्छ, कसले भ्रष्टाचार गऱ्यो त ? सजिलो जवाफ छ, विद्यालयमा जो बस्छन्, त्यसैले ।

शिक्षकहरूले विद्यार्थीलाई त पढाएनन्, तर, उनीहरूको अधिकारसमेत खोसेका छन् । विद्यार्थीको खाजामासमेत सरकारी विद्यालयमा राजनीति र भ्रष्टाचार हुने गरेको छ । सरकारले सरकारी स्कुलका विद्यार्थीलाई दैनिक १५ रूपैयाँ बराबरको खाजा दिने गरेको छ । यद्यपि, त्यो खाजामासमेत शिक्षकहरू भ्रष्टाचार गर्छन् ।

विद्यार्थी नआएको दिनमासमेत आएको भनी सरकारबाट रकम लिन्छन् । त्यतिमात्र होइन, विद्यार्थीका लागि बनाएको खाजा पनि आफैं खान्छन् । विद्यार्थीलाई थोरै खाजा दिइन्छ भने शिक्षकहरूचाहिँ टन्न खान्छन् । शिक्षकहरूले भ्रष्टाचार गर्ने अर्को ठाउँ हो, छात्रवृत्ति । सरकारी विद्यालयमा पढ्ने छात्राहरूले सरकारले बर्सेनिले छात्रवृत्तिस्वरूप निश्चित रकम दिने गरेको छ ।

त्यसमासमेत भ्रष्टाचार हुने गरेको छ । विद्यालयमा ५० जना छात्रा भएमा १०० देखि डेढ सय जना भएको भनी सम्बन्धित निकायबाट छात्रवृत्ति लिइन्छ । अनि नभएको विद्यार्थीकोसमेत नाम र हस्ताक्षर गरेर सो छात्रवृत्ति आफ्नो गोजीमा हाल्छन्, शिक्षकहरू । यता, विद्यार्थी नपढाउने, तर नपढेको भन्दै चाहिँ कुटपिट गर्ने ।

आफू विद्यार्थी पढाउन छोडेर दलको कार्यक्रममा जान्छन् अनि विद्यार्थी परीक्षामा फेल भएपछि नपढेको भन्दै पाइप, डण्डाले हिर्काउँछन् । सरकारले सरकारी विद्यालयमा निःशुल्क शिक्षा भनेको छ । यद्यपि, अहिले सरकारी विद्यालय निजीभन्दा कम छैनन् । भर्ना शुल्क नै हजारौं रूपैयाँ हुन्छ भने महिना फिसमेत लिइन्छ ।

परीक्षापिच्छे शुल्क तिर्नुपर्छ । अझ पछिल्लो समय त सरकारी विद्यालयमा दुईदेखि चार जोरसम्म पोसाकको व्यवस्था गरिएको छ । पोसाक सिलाउनमै हजारौं रकम खर्च लाग्छ । तोकिएको पोसाकमा नआए विद्यालयमा प्रवेश गराइँदैन । अनि पैसा नहुने गरिबका छोराछोरी पोसाक नभएकै कारण शिक्षाबाट वञ्चित हुनुपरेको छ । यता, निजी विद्यालयमा त भर्ना शुल्क नै २५ हजारदेखि लाखौं रूपैयाँ हुन्छ । मासिक शुल्क पनि पाँच हजारदेखि लाखौं असुलिन्छ । पोसाक, जुत्ता, स्टेसनरी सामग्री विद्यालयले भनेको ठाउँबाट किन्नुपर्छ ।

विद्यार्थी नपढाइ एक महिना आन्दोलन गरे पनि सरकारी शिक्षकहरूले तलब बुझे । अब निजी विद्यालय सञ्चालकहरूले विद्यार्थी नपढाइ आन्दोलन गरे पनि अभिभावकबाट भने शुल्क असुल्ने निश्चित छ । देश र जनताको अवस्था जतिसुकै नाजुक भए पनि उनीहरूलाई आफू खान पाए र ठग्न पाए पुग्यो । कर तिर्न नपरोस्, ठग्न पाइयोस् भन्ने निजी विद्यालय सञ्चालकको माग र काम नगरी तलब, सेवासुविधा मात्र बढी पाइयोस् भन्ने सरकारी विद्यालय शिक्षकको मागले अब देश अझै विदेशी ऋणमा फस्ने पनि निश्चित छ ।

**-रमेश वान्तावा**
नयाँ बानेश्वर, काठमाडौं

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*
prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# अटिजमलाई हेर्ने नजर कहिले होला परिवर्तन ?



■ जुनु भट्टराई

**विराटनगर–** केही वर्षअघिको कुरा हो, मीरा चुडालको फोनमा घण्टी बज्यो । त्यो फोनको घण्टी आफन्तको छोराको जन्म दिनको भोजको निम्ताका लागि थियो । निम्ता सबै परिवारलाई नै थियो । मीराले समय मिलाएर आउने प्रतिबद्धता पनि व्यक्त गरे । जब कुराकानी टुंग्याएर फोन राखे, तब उनको मनमा कुराकानीकै क्रममा भएको एक वाक्यले चस्स घोच्यो । 'पालो गरेर आउनु नि !' आफन्तको कुरा गराईअनुसार पालो गर्नुपर्ने कारण थियो १२ वर्षीय छोरो सेजल ।

उनको १२ वर्षीय छोरा अटिजमको समस्यामा थिए । अटिजमकै कारण अन्य बच्चाभन्दा केही भिन्न व्यवहार र चकचके स्वभाव थियो । त्यस्तो स्वभाव भएकै कारण आफन्तले छोरोलाई घरमा राखेर पालो परेर आउनु भन्ने मनसाय राख्नु मीराका लागि त्यति सामान्य लागेन । उनलाई धेरैपटक सोच्न बाध्य गरायो ।

एउटा सामान्य जन्म दिनको भोजमा जान श्रीमान् श्रीमतीले किन पालो गरेर जानुपर्ने थियो र ? आखिर अभिभावक परिवार सबै सहभागी हुनेवाला नै थिए । उनको मनमा अनेकौं विचारका ज्वाराभाट चल्न थाले । 'तपाईं जानुस, आशीर्वाद दिएर आउनुस, म बाबु हेरेर बस्छु,' मीराले श्रीमानलाई जन्म दिनको भोजमा जान अनुरोध गर्दै आफू नजाने निर्णय सुनाइन् । केही समयअघि फोनमा हासीखुसी कुरा गरेकी श्रीमती एकाएक नजाने भनेपछि श्रीमान्ले कारण जान्न चाहे । उनले बेलिबिस्तार लगाइन् पनि । उही वाक्य, 'पालो गरेर आउनु नि ।'

यति कुरा मीराको कानमा मात्र गुञ्जिरहेन, उनको मातृवात्सल्यता नराम्रोसँग खल्बलाइदियो । त्यसैले श्रीमान्ले सम्झाउँदा पनि उनी पार्टीमा सहभागी नहुने निर्णयमै अडिग रहिन् । 'कसैले मेरा सन्तानलाई समस्या देख्छ भने त्यो समस्या हाम्रो होइन, उनीहरूको समस्या हो, त्यसैले मलाई त्यो पार्टीमा जान मन लागेन म गइनँ,' मीराले भनिन्, 'बाबुलाई अटिजम छ भनेर हामीले स्वीकारिसकेका छौं र हामीलाई आफ्नो छोरालाई अरूसँग दाँजेर हेर्नु आवश्यक लाग्दैन, उसलाई जे-जति सकिन्छ, सिकाउँदै जान्छौं र अटिजम सम्बन्धमा बुझ्दै, बुझाउँदै पनि जानेछौं ।' आफन्त छिमेकी भनेकै दुःख सुखमा काम लाग्नुपर्छ भन्ने उनको मान्यता हो । परिवार, छिमेकी, आफन्त, समाज आखिर केका लागि ? हुन त मीराका लागि घटना नौलो घटना भने थिएन । छोरो तीन वर्ष हुँदा उनलाई अटिजमको समस्या पत्ता लागिसकेको थियो ।

पेसाले स्टाफ नर्स, विराट नर्सिङ होममा स्टाफ नर्सको जिम्मेवारी सम्हाल्दै आएकी उनले छोराको हेरचाहका लागि जागिर त्याग गरेर बस्नुपर्‍यो । 'त्यो मेरा लागि त्याग थिएन आवश्यकता थियो,' उनी भन्छिन्, 'आमाहरूले सन्तानका लागि गरेको हरेक सम्झौता आवश्यकता हुन्छ, त्याग हुँदो रहेनछ तर सबैका परिवार समाजले यो कुरा कहाँ बुझ्छन् र ?' यसबीचमा उनले अनेकौं विभेदपूर्ण व्यवहार महसुस गर्नुपरेको अनुभव छ उनलाई । 'म एक पढे लेखेको महिलाले त समाजबाट त्यस्ता कति दुर्व्यवहार अदृश्यरूपमा भोग्नुपरेको छ भने अरुको अवस्था के होला ?,' उनी प्रश्न गर्छिन् ।

अटिजम समस्या भएका बालबालिकाका अभिभावकले बच्चाको कारण समाजमा फरक व्यवहार भोग्नुपरेको गुनासा सुन्ने गरिन्छ । मीरा भन्छिन्, 'सबैको घरमा कोही न कोही बिरामी या रोगी भएकै हुन्छन् । हामीलाई त सामान्य लाग्छ, अटिजम भएका हाम्रा छोराछोरीलाई हेर्ने नजर किन यस्तो ?'

वि.सं. २०७० तिर उनले छोरालाई भर्खरै मन्टेश्वरीमा भर्ना गराएकी थिइन् । केही महिना बित्दै जाँदा स्कुलबाट अचम्मका खबर आउन थाले । होमवर्क नगर्ने, पेन्सिल नसमात्ने, अरुसँग नखेल्ने, कक्षामा कहिलेकाहीँ अत्यन्त चुपचाप बस्ने । शिक्षकले अभिभावकलाई भने, 'बाबु अरु बच्चाभन्दा फरक देखिन्छ ।' यो कुरा सुनेपछि मीराले छोरालाई काठमाडौंस्थित कान्ति बाल अस्पतालमा लगिन् । विभिन्न परीक्षणपछि चिकित्सकले छोरालाई अटिजम स्पेक्ट्रम डिसअर्डर भएको बताएपछि उनी खंग्रंग भइन् । चिकित्सकको भनाइ स्पष्ट थियो अटिजमको कुनै निश्चित औषधि छैन तर समयमै थेरापी र सही व्यावहारिक अभ्यास सुरु गरिएमा बालबालिकाको क्षमता उल्लेख्यरूपमा सुधार हुन्छ ।

बालबालिकाको अवस्था सुधार गर्ने उद्देश्यले उनले 'अटिजम केयर नेपाल' काठमाडौंमा राखेर विशेष थेरापी कक्षामा पढाउन थालिन् । तर लामो समयसम्म काठमाडौंमा कोठा लिएर बस्नु आर्थिकरूपमा सम्भव थिएन । उनी भन्छिन्, 'त्यो समयमा विराटनगरमा अटिजमबारे काम गर्ने कुनै संस्था थिएन, न विशेष शिक्षा दिने विद्यालय नै । हामीजस्ता अभिभावक अन्योलमा थियौं आफ्ना बच्चालाई कहाँ लैजाने ?' जसोतसो झण्डै दुई वर्ष कटिजम केयर नेपाल काठमाडौंमा विशेष थेरापी कक्षामा राखे ।

विराटनगर फर्केपछि बरगाछीस्थित प्रगतिमार्ग आदर्श टोलमा अटिजमका समस्या भएका बालबालिकालाई हेर्ने अटिजम केयर सोसाइटीमा राखेर पढाउन थालेकी छन् । उनी आफू पनि सोही संस्थामा कार्यक्रम अफिसरको रूपमा कार्यरत छिन् । झण्डै एक दशकको अनुभवमा उनले बुझेको कुरा अभिभावकका तर्फबाट मुख्य सहयोग भनेकै अटिजमलाई स्वीकार्नु हो, त्यसपछि मात्र परिवार-छरछिमेकले उनीहरूमाथि नराम्रो व्यवहार गर्ने हिम्मत गर्दैनन् ।

अटिजम भएका बालबालिकालाई धेरैभन्दा धेरै माया दिएर अपनत्व र सुरक्षित महसुस गराउनुपर्ने उनको भनाइ छ । उनीहरूका गल्ती र कमीकमजोरीलाई दण्डित गर्ने, रिसाउने, डर त्रास भर्ने काम गरेमा उग्र व्यवहार झन् बढ्न सक्छ । उनीहरूलाई माया गर्दै जाँदा विस्तारै धेरै कुरा बुझाउन सकिन्छ । बुझाइलाई बढाउँदै लैजाने तरिका पनि यही हो । घरपरिवारले अटिजममैत्री व्यवहार गर्न र सहजै सिक्ने वातावरण बनाउन सके उनीहरूको जीवनलाई सरल र सामान्य बनाउन सकिने भएकाले उनी यसपतर्फ सधैं सचेत भएको बताउँछिन् ।

## अभिभावककै पहलमा अटिजम केयर सोसाइटी स्थापना

अटिजम भएका बालबालिकाको उपचार र हेरचाहका लागि विराटनगरमा अभिभावककै पहलमा २०७५ सालमा नेपाल अटिजम केयर सोसाइटी स्थापना भएको छ । यस संस्थाबाट हाल १४ जना अटिजम भएका बालबालिकाले नियमित सेवा लिइरहेका छन् । २०७० सालतिर आफ्ना बच्चामा अटिजमका लक्षण देखिएर काठमाडौंमा उपचार गराउन बाध्य भएका अभिभावकले स्थानीयस्तरमा सुविधा नहुँदा संस्था खोल्ने निर्णय गरेका थिए । सुरुमा करिब १०-१२ जना अभिभावकले अटिजम केयर नेपाल, काठमाडौंबाट तालिम लिएर सोसाइटी स्थापना गरेका थिए ।

हाल यस सोसाइटीमा ३० भन्दा बढी सदस्य छन् । केही बालबालिकाले यहाँको थेरापीबाट सुधार भई सामान्य विद्यालयमा भर्ना पनि भएका छन् । सोसाइटीमा मन्टेश्वरी तालिम प्राप्त शिक्षिका र नर्समार्फत सञ्चार सीप, सामाजिक विकास र व्यावहारिक तालिम दिने गरिन्छ । सोसाइटीका अध्यक्ष बास्तोला भन्छन्, 'अटिजमबारे अझै समाजमा ज्ञानको कमी छ । धेरै अभिभावकले बच्चाको समस्या स्वीकार गर्न हिचकिचाउँछन् तर समयमै थेरापी सुरु गरे सुधारको सम्भावना धेरै हुन्छ ।' उनका अनुसार सोसाइटीले अभिभावकलाई निःशुल्क परामर्श सेवा पनि दिँदै आएको छ । अटिजमका कारण बालबालिकामा स्पष्टरूपमा सञ्चार र सामाजिक कठिनाइ देखिने भएकाले प्रारम्भिक उमेरमै थेरापी अपरिहार्य हुने बास्तोलाले बताए ।

प्रदेश सरकारले सस्थाका बच्चाका लागि आइपर्ने प्राथमिक स्वास्थ्य उपचारका लागि आवश्यक प्राथमिक उपचारका लागि एक लाख रूपैयाँ सहयोग गर्दै आएको छ, त्यसले पनि संस्थालाई काम गर्न प्रेरणा र हौसला मिल्दै आएको छ । अहिलेसम्म पनि धेरै अभिभावकलाई अटिजम के हो थाहा नभएको बताउँछन् । धेरै अभिभावक आफ्ना बच्चामा अटिजमको लक्षण देखिए पनि उनीहरू स्वीकार गर्न हिचकिचाउने गरेको उनको भनाइ छ ।

उन भन्छन्, 'यसको मुख्य कारण भनेको ज्ञानको कमी हो । अटिजम भएका बालबालिकालाई जति चाँडो विशेष थेरापीमा सहभागी गराइन्छ, व्यवहार परिवर्तनको सम्भावना त्यति नै छिटो हुन्छ ।' अटिजमसँग लड्नु केवल बालबालिकाको मात्र होइन, परिवारकै संघर्ष भएकाले सोसाइटीले निकट भविष्यमा विशेष विद्यालय स्थापना गर्ने र जिल्लामा जनचेतना कार्यक्रम विस्तार गर्ने योजनासमेत रहेको उनले सुनाए

## अटिजम रोग होइन, समस्या हो

अटिजम कुनै रोग नभएर यो जन्मजात हुने एक विशेष खालको विकासात्मक अपांगता भएको चिकित्सकको भनाइ छ । नवजात शिशु तथा बालरोग विशेषज्ञ डा. सुमित घिमिरेका अनुसार बच्चा आमाको गर्भमा विकास हुने क्रममा हुने जेनेटिक परिवर्तन वा बाहिरी कारकको असरले मस्तिष्कको स्नायु विकासमा गडबडी आउँछ, यसका कारण सामाजिक सीप, सञ्चार क्षमता र व्यावहारिक अनुकूलतामा समस्या देखिन्छ ।

अटिजम भएका बच्चामा प्रायःघुलमिल हुन गाह्रो हुने, एउटै काम दोहोर्‍याइराख्ने, सीमित रुचिमामात्र केन्द्रित हुने र स्पष्टरूपमा कुरा गर्न कठिनाइ हुने लक्षण देखिन्छन् । 'अटिजमका लक्षण प्रायः जन्मिएको तीन वर्षमै प्रष्ट चिनिन थाल्छ,' डा. घिमिरे भन्छन् । डा. घिमिरेका अनुसार अटिजमबाट प्रभावितमध्ये एकतिहाइदेखि आधा बच्चाले शब्द स्पष्ट उच्चारण गर्न सक्दैनन्, जसका कारण दैनिक जीवनका गतिविधि र सामाजिक सम्बन्धमा नकारात्मक असर पर्छ । कतिपय अवस्थामा ती बच्चाले आफैंले भनेको शब्द दोहोर्‍याउने, औंलाले देखाएको वस्तु नहेर्ने, हात ओल्टाउने, टाउको घुमाउने वा ठोक्नेजस्ता क्रियाकलाप देखाउँछन् ।

अटिजमलाई सामान्यतया अटिजम 'स्पेक्ट्रम डिसअर्डर' पनि भनिन्छ, जसमा लक्षण व्यक्तिपिच्छे फरक-फरक देखिन सक्छ । कोही बच्चा अत्यधिक सक्रिय हुन्छन् भने कोही अति निष्क्रिय । तर दुवै अवस्थामा पनि सामाजिक अन्तरक्रिया, सञ्चार सीप र कल्पनाशक्ति विकासमा अवरोध देखिन्छ । हालसम्म अटिजमको पूर्णउपचार पत्ता लागेको छैन तर विशेष शिक्षा, व्यावहारिक तालिम र अभिभावकको सक्रिय भूमिकाले धेरै सुधार ल्याउन सकिने डा. घिमिरेको धारणा छ । 'उपचारको मुख्य उद्देश्य अटिजम भएका व्यक्तिलाई आफ्नो हेरचाह आफैं गर्ने, सामाजिक बन्ने, व्यावसायिक सीप सिक्ने र जीवनस्तर उकासेर आत्मनिर्भर बनाउनु हो,' उनले भने । अटिजमलाई रोग ठानेर लुकाउनु हुँदैन, समयमै पहिचान गरी उपचार र तालिम सुरु गर्नु नै सबैभन्दा प्रभावकारी उपाय भएको उनको ठम्याइ छ । *रासस*



**देवघाटमा भक्तजन** | कुशे औंसीका दिन शनिबार चितवन, तनहुँ र नवलपरासीमा पर्ने कालीगण्डकी नदी र त्रिशुली नदीको संगलमस्थल पवित्र तीर्थस्थल देवघाटधाममा स्नान गरी दिवंगत पितृलाई तर्पण, सिदादान र पीण्ड अर्पण गर्न आएका भक्तजन । *तस्बिरः सनद अधिकारी/रासस*

# फोहोरमैला व्यवस्थापन केन्द्रमा तालाबन्दी, फोहोर विसर्जनमा समस्या

कञ्चनपुर- शुक्लाफाँटा नगरपालिका-११ स्थित फोहोरमैला व्यवस्थापन केन्द्रमा सामुदायिक वन उपभोक्ता समूहले तालाबन्दी गरेपछि नगरक्षेत्रको फोहोर संकलन र विसर्जन कार्य पूर्णरूपमा अवरुद्ध भएको छ ।

तीन दिनअघि श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूहले ११ बुँदे सहमति कार्यान्वयनको माग गर्दै केन्द्रमा तालाबन्दी गरेपछि झलारी, वन समिति, कलुवापुरलगायतका बजार क्षेत्रमा फोहोर थुप्रिँदै गएको छ । फोहोरमैला व्यवस्थाप केन्द्र निर्माण भए पनि सञ्चालनमा नआउँदा नगरपालिकाले अस्थायीरूपमा सामुदायिक वनकै जग्गामा फोहोर विसर्जन गर्दै आएको छ ।

सामुदायिक वनका उपभोक्ताले अस्थायीरूपमा फोहोर विसर्जन गर्दै आएको कार्यमा रोक लगाएपछि बजार क्षेत्रको फोहोर संकलन र विसर्जन हुन सकेको छैन । करिब ३० करोड रूपैयाँभन्दा बढी लागतमा एसियाली विकास बैंक (एडिबी) को सहुलियत ऋण सहयोगमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो ।

फोहोरमैला व्यवस्थापन केन्द्र आधुनिक प्रविधिसहित निर्माण गरिएको छ । प्राविधिक अध्ययनअनुसार यस केन्द्रले दैनिक छ टनसम्म फोहोर व्यवस्थापन गर्ने क्षमता राख्छ भने करिब दुई दशकसम्म सञ्चालन गर्नसक्ने अनुमान गरिएको छ ।

सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अम्मरबहादुर ऐरका अनुसार



केन्द्र निर्माणका क्रममा नगरपालिका र समूहबीच ११ बुँदे सहमति भएको थियो । त्यसअनुसार अन्य क्षेत्रको फोहोर नल्याउने, आवासीय क्षेत्रमा मेसवायर जाली जडान गर्ने, प्रत्येक उपभोक्तालाई एलपी ग्यास उपलब्ध गराउने, वनहरा र सनवोरा नदीमा तटबन्ध निर्माण गर्ने, स्थानीयलाई रोजगारी दिनेलगायत प्रावधान राखिएका थिए ।

यसबाहेक आर्यघाट क्षेत्र व्यवस्थित गर्ने, डस्टबिनको व्यवस्था गर्ने, प्रभावित बस्तीमा सडक कालोपत्रे र बत्ती जडान गर्ने, सामुदायिक वनको सीमसार क्षेत्र संरक्षण गर्ने, स्वास्थ्य बिमा तथा निःशुल्क उपचारको सुविधा उपलब्ध गराउने र समयावधि पूरा भएपछि जग्गा फिर्ता गर्ने प्रावधान पनि सम्झौतामा समावेश भएको थियो ।

'सहमति भएको तीन वर्ष बितिसक्दा पनि नगरपालिकाले कुनै बुँदा कार्यान्वयन गरेको छैन,' अध्यक्ष ऐरले भने, 'नगर कार्यपालिकाको १३५औं बैठकले कार्यान्वयन गर्ने निर्णय गरे पनि अझै बेवास्ता गरिएको छ ।'

सामुदायिक वन उपभोक्ता समूहका पूर्वसचिव दिलबहादुर साउदले तालाबन्दी गरे पनि नगरपालिकाले हालसम्म संवाद सुरु नगरेको र मौन बसेको बताएका छन् । 'हामीले बारम्बार सम्झौताका बुँदा कार्यान्वयन गर्न माग गरेका थियौं, तर नगरपालिका बेवास्ता गर्दै आएको छ,' उनले भने, 'तत्काल सहमति कार्यान्वयन भएन भने संघर्षका थप कार्यक्रम सार्वजनिक गर्ने छौं ।' *रासस*


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन जनकपुर
मुजेलिया, धनुषा

**बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

*सूचना प्रकाशित मितिः २०८२-०५-०८*

यस डिभिजनद्वारा मिति २०८२/०४/०४ मा प्रकाशित बोलपत्र आह्वानको Notice No.: RDJKR/2082-83/1 अनुसार EGP को माध्यमवाट दर्ता भएका बोलपत्रहरू मूल्याङ्कन समितिबाट विधिपूर्वक मूल्याङ्कित हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरूको प्रस्ताव न्युनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राहीदेखि स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) बमोजिम स्वीकृतको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७को उपदफा (२) तथा (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्कानं. | बोलपत्र स्वीकृत प्रस्तावकको नाम, ठेगाना | कबोलअंक |
|---|---|---|
| RDJKR/337310113/082-83/01 | Shree yograj Construction and Consultant,Mithila Bihari Na. Pa.-06, Dhanusha | 68,49,204.19 |
| RDJKR/337310113/082-83/02 | Jonam Construction, Mithila Na.pa-7, Dhanusha | 30,87,018.75 |
| RDJKR/337310113/082-83/03 | Jonam Construction, Mithila Na.pa-7, Dhanusha | 33,11,691.00 |
| RDJKR/337310113/082-83/04 | Jonam Construction, Mithila Na.pa-7, Dhanusha | 30,35,659.68 |
| RDJKR/337310113/082-83/05 | Sathi Nirman sewa, Bideh Na.pa.-9, Dhanusha | 32,41,692.58 |
| RDJKR/337310113/082-83/06 | Bhavani Nirman Sewa, Dhanushadham-9 Dharapani | 19,24,882.11 |

डिभिजन प्रमुख

प्रभाव दैनिक

रूपशाला

## 'धमाल ४' छायांकनमा

बलिउडकी सबैभन्दा ग्ल्यामरस र बहुमुखी अभिनेत्रीहरु मध्ये एक हुन् - ईशा गुप्ता । उनै गुप्ता फेरि एक पटक ठूलो पर्दामा दर्शकहरूलाई मोहित गर्न तयारी अवस्थामा छिन् र यो पटक उनी अजय देवगन स्टारर कमेडी एक्स्ट्रा 'धमाल ४' मा देखिने छिन्, जो इन्द्रकुमारले निर्देशन गरिरहेकी छिन् । पछिल्लो समय अभिनेत्रीले यही महिनाको अन्त्यबाट 'धमाल ४' को छायांकन सुरू गर्ने खबर आएको थियो र अहिले यो खबरको पुष्टि भएको छ किनकी हालै ईशा गुप्ता 'धमाल ४' को सम्पूर्ण टिम व्यस्त रहेको मड आइल्याण्डमा फिल्मको सेटमा पुगेकी थिइन् ।



आइतबार, ०८ भदौ २०८२ (Sunday, 24 August 2025)

# सर्वनाममा सुनिए जलजला, राधा र सन्तोष



■ प्रभाव संवाददाता

त्यो दिल अरूको खातिर, खाली
नहोस् सधैंभर
मेरो निमित्त मात्रै, बाँकी बचोस् सधैंभर
हाम्रो पियार देखी, आगो बनोस् न पानी
इर्ष्या गरोस् त त्यस्तो, पानी बलोस्
सधैंभर ।

गजलकार राधा कणेलका यी प्रेमिल शब्दमा विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको कर्णप्रिय धूनले मोहकता थपेकै थियो, त्यसमा सुमधुर स्वरकी धनी जलजला परियारको स्वरले सर्वनाम थिएटरमा जम्मा भएका श्रोता मन्त्रमुगध बने ।

१६०औं मोतीजयन्तीका अवसरमा आयोजित राधा कणेल सांगीतिक गजल साँझ, २०८२मा जलजलाले राधाका ५ वटा गजल गाइन् । ५ वटै गजलमा सन्तोषको एकल संगीत थियो ।

तिमी रापिलो छौ, बलेको मकलझैँ
यता दिल छ मेरो, सुकेको सिमलझैँ

प्रायः शृंगारिक गजलमा प्रस्तुत भएकी जलजलाले उल्लिखित शेर गाइरहँदा हल खुबै गर्माएको थियो । समसामयिक विषयलाई पनि सुन्दर ढंगले गजलमा उन्न सिपालु राधाको लेखन परिष्कृत रहेको र परिष्कृत लयमै रचना गर्ने भएकाले राधाका गजल संगीतमैत्री रहेका संगीतकार सन्तोष श्रेष्ठले बताए ।

गायिका जलजला मञ्चमा सागर सुकाइदिन्छु, ढुंगा गलाइदिन्छुरकारण बताउँदा चैं, तिम्रै बताइदिन्छु भन्दै गुञ्जिँदा हल जुरुक्क बनेको थियो ।

गजल अभियन्ता, समालोचक घनेन्द्र ओझाले नेपाली गजल लेखनमा परिष्कारसँगै गायनमा पनि परिष्कृत हुन जरुरी रहेको भन्दै सन्तोष श्रेष्ठ र आफूले विक्रमको २०८०-२०९० लाई 'नेपाली गजल गायनको स्वर्ण दशक' घोषणा गरेको र यही अभियानअन्तर्गत यो कार्यक्रम गरिएको सुनाए ।

ओझाले यो कार्यक्रम ऐतिहासिक भएको पनि बताए । 'नेपाली गजल संगीतमा हालसम्म नारी स्रष्टाका गजल, नारीकै स्वरमा एकल गायन भएको देखिँदैन' ओझाले भने, 'यो सम्भवतः पहिलो यस्तो कार्यक्रम हो ।'

ओझाले जलजला, राधा र सन्तोष तीनै जनाले नेपाली गजल संगीतमा नयाँ इतिहास रचेको दाबी गरे । समालोचक प्रा। डा। देवी नेपालले नेपाली गजल लेखनसँगै संगीतमा पनि तीव्र र परिष्कृत बन्दै गएको भन्दै खुसी व्यक्त गरे ।

गजलकार तथा संगीत मर्मज्ञ रवि प्राञ्जलले नेपाली गजल गायनमा यो कार्यक्रम उत्साहप्रद र स्मर्णयोग्य भएको बताए । नेपाली गजललाई गायनमा ल्याउने प्रयासको प्राञ्जलले सराहना पनि गरे । वाद्यवादनमा तबलामा शम्भु श्रेष्ठ र बाँसुरीमा निर्मल सिंहले साथ दिएका थिए ।

अनाममण्डली, नेपाल गजल प्रतिष्ठान र गोल्डेन क्रियसनको आयोजनामा भएको कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली गजल मञ्चले सहकार्य गरेको छ ।

# चलचित्र काजीको शुभमुहूर्त




■ प्रभाव संवाददाता

**काठमाडौं –** लक्ष्मण रिजालको निर्देशनमा निर्माण हुने सिनेमा 'काजी'को शुभमुहूर्त गरिएको छ ।

शुक्रबार दक्षिणकाली मन्दीरमा क्यामेरा तथा स्कृप्ट पूजा गरिएको हो । यो सिनेमाको निर्माण टिम शुभमुहूर्त सँगै छायांकनको लागि स्याङ्जा निस्केको छ ।

भदौ ८ गते आइतबारबाट यो सिनेमाको छयांकन सुरु गरिने निर्देशक लक्ष्मण रिजालले बताए ।

उनी यही सिनेमाबाट करिब ८ वर्षपछि निर्देशनमा फर्केका हुन् । आफुले खोजेको जस्तै स्कृप्ट पाएकाले निर्देशनमा कमव्याक गर्न तयार भएको निर्देशक रिजाल बताउँछन् ।

उनले यसअघि 'कसम', 'धुँवा यो नसा', 'अलविदा', 'कायरा' लगायतका सिनेमा निर्देशन तथा 'डिसेम्बर फल्स' र 'गणपति'को निर्माण गरेका थिए ।

आरएण्डआर प्रोडक्सनको ब्यानरमा निर्माण हुने यो सोसल लभस्टोरी सिनेमालाई राम प्रसाद रिजालले निर्माण गर्दैछन् ।

यो सिनेमा निर्माणमा आफुले यसअघिका सिनेमामा देखिएका कमकमजोरीलाई सच्याउँदै उत्कृष्ट बनाउने प्रयास रहने बताउँछन् । यो सिनेमाको छायांकनको लागि स्याङ्जामा लाखौं खर्च गरेर एउटा गाउँको सेट नै निर्माण गरिएको उनले जानकारी दिए ।

सिनेमामा विपिन कार्की, केकी अधिकारी, गरिमा शर्मा लगायतका कलाकारको अभिनय रहनेछ । अन्य कलाकार को-को रहेका छन् भन्ने विस्तारै सार्वजनिक गर्दै जाने जानकारी निर्माण टिमले दिएको छ । प्रदीप भारद्धाजको लेखन रहेको सिनेमालाई चिन्तनराज भण्डारीले खिच्दै छन् । सिनेमाका लागि गीतसंगीत कालिप्रसाद बास्कोटाले तयार पारेका हुन् ।



# थाइल्याण्डमा उर्मिलालाई कास्य



**काठमाडौं (प्रस)- नेपालकी उर्मिला श्रेष्ठले थाइल्याण्डको बैंककमा जारी ५७ औं एसियाली शारिरीक सुगठन च्याम्पियनसिपअन्तर्गत एथलेटिक्स फिजिक्सको ३५ वर्षमाथि उमेरसमूहमा कास्य पदक जितेकी छिन् ।**

**८ खेलाडी सहभागी उक्त स्पर्धामा थाइल्याण्डकी सिरिन्थिप इन्सीले स्वर्ण तथा लाओसकी सोमानिन फनोसिथले रजत जिते ।**

**उर्मिला एथलेटिक्स फिजिक्सक ओपन क्याटेगोरीमा भने चौथो भएको दिनेश राजभण्डारीले जनाएका छन् ।**

# नेपाल 'ए'मा अनिललाई कप्तानको जिम्मेवारी

**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान) ले नेपाली पुरुष राष्ट्रिय 'ए' क्रिकेट टोली घोषणा गरेको छ । राष्ट्रिय सिनियर टोलीको ब्याक अप टोलीको रूपमा रहेको 'ए' टोलीको कप्तान अनिलकुमार साहले गर्नेछन् । नेपाली 'ए' टोलीले आगामी अगस्ट २६ देखि ३ सेप्टेम्बरमा भारतको आसाम स्टेट टोलीसँग पाँच खेलको टी-२० सिरिज खेल्ने क्यानको भनाइ छ ।

**नेपाल 'ए' टोली**

अनिल साह (कप्तान), ईशान पाण्डे, पवन सर्राफ, मोहम्मद आदील आलम अन्सारी, अर्जुन घर्ती, देव खनाल, बसिर अहमद, शेर मल्ल, तृत राज दास, सन्दीप जोरा, आकाश चन्द, युवराज खत्री, सुभ कंसाकर, विवेक कुमार यादव, कमल सिंह ऐरी, सागर ढकाल

ओपनर अनिलको कप्तानी रहेको टोलीमा देव खनाल, अर्जुन घर्ती, सुभ कंसाकार, तृतराज दास, सन्दीप जोरा ब्याटरको रूपमा छन् ।

पवन सर्राफ, इशान पाण्डे, आदील अन्सारी, बसिर अहमद र विवेक कुमार यादव अलराउन्डरको रूपमा छन् ।

यस्तै कमलसिंह ऐरी, आकाश चन्द तीव्र गतिको बलर छन् भने युवराज खत्री, शेर मल्ल र सागर ढकाल स्पिनर रूपमा टोलीमा परेका छन् ।

# लुम्बिनीमा रसियन खेलाडी जुवरेभ अनुबन्ध

■ प्रभाव संवाददाता




**काठमाडौं–** एभरेस्ट महिला भलिवल लिगको फ्रेन्चाइज टिम लुम्बिनी लाभाजले रसियन खेलाडी भेरोनिका जुवरेभलाई अनुबन्धन गरेको छ । प्रतियोगितामा लुम्बिनी लाभाजले रसियाकी आउटसाईड हिटर जुवरेभलाई दोस्रो सिजनको प्रतियोगिताका लागि अनुबन्धन गरेको हो ।

जुवरेभ मिडल ब्लकर पोजिसनमा बलियो उपस्थिति जनाउने खेलाडीका रूपमा चिनिन्छिन् । उनले रसियाको विभिन्न शीर्ष लिग र क्लबहरूमा खेल्दै उल्लेखनीय प्रदर्शन गरिसकेकी छन् ।

लुम्बिनी लाभाज टिमलाई अझै सशक्त बनाउन अन्य दुई विदेशी खेलाडीको नाम केही दिनमा नै सार्वजनिक गरिने टिम म्यानेजर स्तुति निरौलाले बताइन् ।

यसअघि सम्पन्न अक्सनमार्फत टोलीले नेपाली महिला भलिवल टोलीका कप्तान अरुण शाहीसहित कमला विष्ट, अलिसा मानन्धर, सान्तीकला तामाङ, अनुसा चौधरी, रोमा महतो, जेनिसा विश्वकर्मा र रिकजना माझीलाई पनि अनुबन्ध गरिसकेको र खेलाडीहरू पूर्णरूपमा प्रशिक्षणमा रहेका छन् । दोस्रो संस्करणको वात्सल्य एभरेस्ट महिला भलिबल लिग भदौ २० देखि २८ गतेसम्म पोखरामा हुँदैछ ।

# अल अहलीलाई साउदी सुपर कपको उपाधि



**काठमाडौं–** अल नसारलाई पेनाल्टी सुटआउटमा ५-३ ले पराजित गर्दै अल अलहीले साउदी सुपर कपको उपाधि जितेको छ । हङकङ रंगशालामा शनिबार सम्पन्न फाइननलको निर्धारित समयमा दुवै टोलीबाट २-२ गोल भएपछि विजेताको टुंगो पेनाल्टी सुटआउटबाट लगाइएको हो ।

पेनाल्टीमा अल अहलीका लागि इभान टोनी, फ्रान्क केसी, रियाद महारेज, फेरास अल्ब्रिकान र गालिनोल गोल गरे ।

अल नासरका लागि क्रिस्टियानो रोनाल्डो, मार्सेलो ब्रोजोभिच र जोआओ फेलिक्सले गोल गर्दा अब्दुल्लाह अल-खैबारी भने चुके । त्यसअघि अल नासरका लागि क्रिस्टयानो रोनाल्डो र मार्सेलो ब्रोजोभिच तथा अल अहलीका लागि फ्रान्क केसी र रोजर इबानेजले गोल गरेका थिए ।

खेलको ४१औं मिनेटमा रोनाल्डोको पेनाल्टी गोलमार्फत अल नासरले अग्रता लिएको थियो । पहिलो हाफको इन्जुरी समयमा केसीले अल अहलीलाई बराबरीमा ल्याए । ब्रोजोभिचले ८२औं मिनेटमा गोल गर्दा अल नसार २-१ ले अगाडि बढ्यो । निर्धारित समय सकिन एक मिनेट बाँकी रहँदा इबानेजले गोल गरेपछि खेल पेनाल्टी सुटआउटसम्म पुगेको थियो । *एजेन्सी*



अमेरिकाको उत्तरपश्चिम वासिङ्टनस्थित केनेडी स्ट्रिटमा शुक्रबार ग्रीष्मकालीन उत्सवको अन्त्यमा फोममा खेलेर रमाउँदै बच्चाहरू ।

*तस्बिरः एपी*

# जापान र दक्षिण कोरियाबीच सम्बन्ध विस्तार गर्ने सहमति

**टोकियो–** जापान र दक्षिण कोरियाली नेताबीच शनिबार टोकियोमा भएको भेटवार्तामा द्विपक्षीय सहयोग बढाउन सहमति भएको छ । जापानद्वारा २०औं शताब्दीमा कोरियाली प्रायद्वीपमा दशकौं लामो कब्जाका क्रममा जबर्जस्ती श्रमको प्रयोग र भूगोलसम्बन्धी विवादले दुई छिमेकीबीचको सम्बन्ध लामो समयदेखि तनावपूर्ण रहँदै आएको छ ।

उत्तर कोरियाको आणविक खतराको सामना गर्न ऐतिहासिक गुनासाहरूलाई पन्छाउँदै हालैका वर्षहरूमा छिमेकी देशहरू नजिकिएका छन् । बैठकपछि जापानका प्रधानमन्त्री शिगेरु इशिबाले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ, 'दुई देशबीचको बढ्दो चुनौतीपूर्ण रणनीतिक वातावरणका बीच जापान-दक्षिण कोरिया सम्बन्ध र टोकियो, सियोल र वासिङ्टनबीच सहयोगको महत्त्व बढ्दै गएको छ ।

सन् १९६५ मा कूटनीतिक सम्बन्ध सामान्य भएपछि पहिलोपटक दक्षिण कोरियाली राष्ट्रपतिले आफ्नो पहिलो द्विपक्षीय भ्रमणका लागि जापानलाई रोजेका हुन् । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले भने, 'मलाई विश्वास छ, यसले दक्षिण कोरिया-जापान सम्बन्धलाई कत्तिको महत्त्व दिन्छ भन्ने देखाउँछ ।'

इशिबाले अगाडि भने, 'हामी छिमेकी देशहरूको रूपमा त्यहाँ कठिन मुद्दाहरू विद्यमान छन्, अझै पनि निरन्तर नीतिहरू



पछ्याउने कुरालाई हामीले जारी राख्नेछौं ।' भेटवार्तामा दुई नेताले प्रतिरक्षा, आर्थिक सुरक्षा र कम जन्मदरजस्ता दुवैले सामना गर्नुपरेका सामाजिक मुद्दाहरूबारे छलफल गरेका छन् ।

लीका पूर्ववर्ती युन सुक योलले दुई देशलाई नजिक ल्याउने प्रयास गरेका थिए । उनको प्रयासका कारण दुई छिमेकीलाई उनीहरूको साझा सहयोगी संयुक्त राज्य अमेरिकासँग त्रिपक्षीय वार्तामा सामेल गर्न सफल भएको थियो ।

गत अप्रिलमा सैनिक शासनको घोषणासँगै पदबाट हटाइएपछि युनमाथि महाभियोग लगाइएको थियो भने त्यसपछि गत जुनमा भएको मध्यावधि निर्वाचनमा लीले विजय प्राप्त गरेका थिए । यसअघि जापानप्रति युनभन्दा कडा अडान लिएका लीले शनिबार भने, 'मैले सत्ता सम्हालेदेखि नै मैरो जोड जापान र दक्षिण कोरिया अविभाज्य साझेदार हुन् । छिमेकीहरूले अगाडिको आँगन साझा गर्छन् र शान्ति र समृद्धिका लागि नजिकबाट सहयोग गर्नुपर्छ ।'

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पसँग हालै भएको व्यापार सम्झौताको विस्तृत विवरण तयार पार्न ली आज (आइतबार) अपराह्न टोकियोबाट वासिङ्टन उड्ने कार्यक्रम छ । जापान र दक्षिण कोरिया दुवैले वासिङ्टनसँग व्यापार सम्झौता गर्न सहमत भएका छन् र संयुक्त राज्य अमेरिकामा ठूलो लगानीको घोषणा गरेका छन् । *रासस/एएफपी*

# श्रीलंकाका पूर्वराष्ट्रपतिलाई पुनरागमन रोक्न जेल चलान गरिएको विपक्षीको आरोप

**कोलम्बो–** श्रीलंकाका पूर्वराष्ट्रपतिलाई सत्तामा पुनरागमन हुने डरले सरकारले जेलमा हालेको श्रीलंकाका विपक्षी दलहरूले आरोप लगाएका छन्। गत सेप्टेम्बरमा भएको राष्ट्रपतीय निर्वाचनमा अनुरा कुमारा दिसानायकेसँग पराजित भएका ७६ वर्षीय पूर्वनेता रनिल विक्रमासिंघेलाई विदेश भ्रमणका लागि राज्यकोषको दुरूपयोग गरेको आरोपमा शुक्रबार हिरासतमा लिइएको छ ।

सन् २०२२ मा देशको इतिहासमा सबैभन्दा खराब आर्थिक मन्दीबाट गुज्रिरहेको श्रीलंकामा व्याप्त भ्रष्टाचारविरुद्ध लड्ने वाचाका साथ दिसानायके सत्तामा आएदेखि नै भ्रष्टाचार विरोधी एकाइहरूले अनुसन्धानलाई तीव्रता दिएका छन् । कोलम्बोको न्यु म्यागजिन जेलमा विक्रमसिंघलाई भेट गरेका प्रमुख विपक्षी सामगी जना बलवेगया (एसजेबी) पार्टीका सांसद नलिन बन्दाराले भने, 'पूर्वनेताले दिसानायकेको वाम प्रशासनलाई चुनौती दिन एकताको आह्वान गरेका थिए । पूर्वराष्ट्रपतिले नयाँ सरकारको दमनविरुद्ध लड्न साझा मञ्चमा आउनुपर्ने बताएका छन् ।'

२२५ सदस्यीय संसद्मा दुई सिट रहेको विक्रमासिंघेको आफ्नै युनाइटेड नेसनल पार्टी (युएनपी) ले पूर्वराष्ट्रपतिबाट सरकारलाई खतरा महसुस भएपछि सरकारले उनलाई फसाउन खोजेको आरोप लगाएको छ। युएनपी महासचिव थलाथा अथुकोरालाले कोलम्बोमा



पत्रकारहरूसँग भने, 'उनीहरूलाई उहाँ फेरि सत्तामा फर्कन सक्नुहुन्छ भन्ने डर छ ।'

विक्रमासिंघेमाथि सन् २०२३ को सेप्टेम्बरमा हवानामा भएको जी-७७ शिखर सम्मेलन र न्युयोर्कमा भएको संयुक्त राष्ट्रसंघको महासभामा भाग लिएर फर्कने क्रममा बेलायतको निजी भ्रमणका लागि सरकारी कोषको प्रयोग गरेको आरोप लागेको छ । श्रीलंकाको कानुनअनुसार यस्तो कसुरमा बढीमा २० वर्ष कैद र रकमको मूल्यभन्दा तीन गुना बढी जरिवाना हुने व्यवस्था छ ।

श्रीलंकाकी पूर्वप्रथम महिला मैत्रीलाई युनिभर्सिटी अफ वोल्भरहच्याम्पटनले मानार्थ प्रोफेसरको उपाधि प्रदान गर्ने कार्यक्रममा सहभागी हुन उनी दुई दिने बेलायत भ्रमणमा जाने पूर्वराष्ट्रपति विक्रमासिंघले बताएका छन् । विक्रमासिंघेले आफ्नी श्रीमतीको यात्रा खर्च उनले नै व्यहोरेको र राज्यकोषको कुनै पनि प्रयोग नभएको बताउँदै आएका छन् तर, विक्रमासिंघेले आफ्नो यात्रामा एक करोड ६६ लाख भारु (५५ हजार अमेरिकी डलर) सरकारी रकम प्रयोग गरेको प्रहरीको अपराध अनुसन्धान विभागले आरोप लगाएको छ। विक्रमासिंघे सन् २०२२ को जुलाईमा तत्कालीन नेता गोटाबाया राजापाक्षेले पदबाट राजीनामा दिएपछि राष्ट्रपति बनेका थिए । *रासस/एएफपी*

# भारतको रक्षा क्षेत्रमा ठूलो प्रगति

## लडाकु विमान इञ्जिन स्वदेशमै बन्ने

**नयाँ दिल्ली–** भारत सरकारले लडाकु विमानका इञ्जिन स्वदेशमै विकास तथा निर्माण गर्न फ्रान्सेली कम्पनीसँग सहकार्य गर्दै आएको रक्षामन्त्री राजनाथ सिंहले जानकारी दिएका छन् ।

सिंहले यसअघि गत मे महिनामा भारतले विकास गर्न लागेको पाँचौं पुस्ताको 'एडभान्स्ड मिडियम कम्ब्याट एयरक्राफ्ट' (एएमसिए) को प्रोटोटाइप स्वीकृत गरेका थिए । उनले त्यसलाई 'भारतको आत्मनिर्भर रक्षा क्षमतातर्फको महत्त्वपूर्ण उपलब्धि' भनेर उल्लेख गरेका थिए ।

शुक्रबार नयाँ दिल्लीमा आयोजित एक सम्मेलनमा बोल्दै मन्त्री सिंहले लडाकु विमान इञ्जिनको स्वदेशी निर्माणसम्बन्धी थप विवरण प्रस्तुत गरे । उनले भने, 'हामी भारतमै लडाकु विमानका इञ्जिन उत्पादन गर्न अगाडि बढिरहेका छौं । यसका लागि फ्रान्सेली कम्पनीसँग सहकार्य भइरहेको छ ।'

यद्यपि, मन्त्री सिंहले कम्पनीको नाम खुलाएनन्, तर भारतीय सञ्चारमाध्यमहरूले यो कम्पनी सफ्रान भएको उल्लेख गरेका छन् । सफ्रान फ्रान्सको एक प्रमुख एयरोस्पेस र रक्षा कम्पनी हो, जसले विगत धेरै वर्षदेखि भारतमा विभिन्न परियोजनामा काम गर्दै आएको छ ।

तर अहिलेसम्म यो सहकार्यको औपचारिक पुष्टि भएको छैन । भारत, जुन विश्वकै ठूलो हतियार आयातकर्ताहरूमध्ये एक हो, आफ्ना सुरक्षाफौजको आधुनिकीकरणलाई उच्च प्राथमिकतामा राख्दै आएको छ । यसै सन्दर्भमा स्वदेशमै हतियार तथा रक्षा उपकरण उत्पादनमा जोड दिँदै आएको छ ।

पछिल्लो समय भारतले पश्चिमी मुलुकहरूसँग सैन्य सहकार्य बलियो बनाउँदै आएको छ, जसमा अमेरिका, जापान र अस्ट्रेलियासँगको क्वाड गठबन्धन पनि पर्छ । यसै वर्षको अप्रिलमा भारतले फ्रान्सको दसोल्ट एभिएसनसँग २६ वटा रफाल लडाकु विमान खरिद गर्न बहुअर्ब डलरको सम्झौता गरेको थियो । यसले भारतले पहिले नै खरिद गरेका ३६ वटा रफाल विमानमा थपिनेछ र रूसी मिग-२९के विमानहरूको स्थान लिने छ ।

रक्षामन्त्री सिंहले सन् २०३३ सम्म भित्र्याइने स्वदेशी रक्षा सामग्री खरिदका लागि कम्तीमा १०० अर्ब अमेरिकी डलर बराबरको नयाँ सम्झौता गरिने वाचा पनि गरेका छन् । हालैका वर्षहरूमा भारतले ठूलो हेलिकप्टर कारखाना सञ्चालनमा ल्याउनुका साथै पहिलो स्वदेशी विमानवाहक जहाज, युद्धपोत र पनडुब्बी निर्माण सम्पन्न गरेको छ । साथै, लामो दूरीको हाइपरसोनिक मिसाइल परीक्षणसमेत सफलतापूर्वक सम्पन्न गरेको छ। *रासस/एएफपी*

# इजरायलमाथि गाजामा खाद्यसंकट निम्त्याएको आरोप



**गाजा–** गाजामा खाद्यसंकट गहिरिँदै जाँदा संयुक्त राष्ट्रसंघको शरणार्थी सहायता निकायले चिन्ता व्यक्त गर्दै यो अवस्था मानवनिर्मित भएको संकेत गरेको छ ।

शरणार्थीका लागि कार्यरत संयुक्त राष्ट्रसंघीय निकाय (युएनआरडब्लुए) का आयुक्त फिलिप लाजरिनीले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै गाजा सहरमा भोकमरीको अवस्था पुष्टि भइसकेको जनाउँदै यसलाई रोकथाम गर्न सबै पक्षले सहकार्य गर्नुपर्नेमा जोड दिए ।

'हामीले पटकपटक चेतावनी दिएका थियौं । अहिले स्थिति गम्भीर छ र यसलाई मानव निर्मित संकटको रूपमा हेर्न सकिन्छ,' उनले लेखेका छन् । लाजरिनीका अनुसार गाजामा आधारभूत राहत सामग्री लामो समयदेखि पर्याप्तरूपमा आपूर्ति हुन सकेको छैन ।

खाद्य सुरक्षासम्बन्धी चरणगत मूल्यांकन गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूको समूहले हालै प्रकाशित प्रतिवेदनमा गाजा सहरसहितको क्षेत्रमा भोकमरी पुष्टि भएको जानकारी दिएको छ। सो प्रतिवेदनमा देइर अल-बलाह र खान युनिस क्षेत्रमा पनि संकट फैलन सक्ने चेतावनी दिइएको छ ।

प्रतिवेदनअनुसार अगस्ट महिनाको अन्त्यसम्म करिब छ लाख ४० हजार मानिस गम्भीर खाद्य अभावको स्थितिमा पुग्न सक्ने छन् र ११ लाखभन्दा बढी व्यक्तिहरू आपत्कालीन खाद्य असुरक्षाको अवस्थामा रहने अनुमान गरिएको छ ।

लाजरिनीले संकटको थप विस्तार रोक्नका लागि तुरुन्त युद्धविराम र निर्बाध मानवीय सहायता आपूर्तिको आवश्यकता रहेको उल्लेख गरे । इजरायली प्रधानमन्त्रीको कार्यालयले भने उक्त आरोपलाई अस्वीकार गर्दै गाजामा भोकमरी फैलाउने कुनै नीति नरहेको स्पष्ट पारेको छ । इजरायलले आफूले 'भोकमरी रोक्ने नीति' अपनाएको र सहायता आपूर्तिमा सन्तुलन कायम गर्न प्रयासरत रहेको जनाएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्म कुपोषण र भोकका कारण २७३ जनाको निधन भइसकेको छ, जसमा ११२ बालबालिका रहेका छन् ।

सन् २०२५ मार्च २ मा युद्धविराम समाप्त भएपछि गाजामा राहत सामग्रीको आपूर्ति उल्लेखनीयरूपमा घटेको जनाइएको छ । *रासस/सिन्ह्वा*

# वर्षौंपछि पाकिस्तानका परराष्ट्रमन्त्रीको बंगलादेश भ्रमण

**ढाका–** पाकिस्तानका परराष्ट्रमन्त्री इसहाक डार शनिबार बंगलादेशको भ्रमणमा गएका छन् । सन् १९७१ मा पृथक भएका दुई राष्ट्रबीच सम्बन्ध सुधार्ने प्रयासस्वरूप भएको यो भ्रमण विगत दशकमा उच्चस्तरीय पहिलो भेटवार्ता हो ।

इस्लामाबादले यस भ्रमणलाई 'पाकिस्तान-बंगलादेश सम्बन्धमा एक महत्त्वपूर्ण उपलब्धि' भएको बताएको छ । दुई देशबीच व्यापारलगायत विभिन्न क्षेत्रहरूमा समझदारीपत्रमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ । पाकिस्तानको परराष्ट्र मन्त्रालयका अनुसार परराष्ट्रमन्त्री डारले बंगलादेशका वर्तमान कार्यवाहक नेता, नोबेल शान्ति पुरस्कार विजेता डा. मोहम्मद युनुससँग भेटवार्ता गर्ने छन् ।



### भारतको दृष्टिकोण

यस्तो पृष्ठभूमिमा छिमेकी राष्ट्र भारतले यस भ्रमणलाई विशेष ध्यानका साथ हेरिरहेको विश्लेषकहरूले बताएका छन् । गत वर्षको मे महिनामा भारत र पाकिस्तानबीच छोटो अवधिको सशस्त्र संघर्ष भएको थियो ।

साथै, सन् २०२४ को जुलाई महिनामा बंगलादेशमा भएको व्यापक जनआन्दोलनले प्रधानमन्त्री शेख हसिनाको शासन अन्त्यसँगै उनी भारततर्फ प्रस्थान गरेपछि, ढाका-नयाँ दिल्ली सम्बन्धमा चिसोपन देखिएको हो ।

'बंगलादेश अतीतमा भारतको सबैभन्दा नजिकको साझेदार रहँदै आएको थियो, तर अहिले भारतको मुख्य प्रतिद्वन्द्वी मुलुकसँग सुमधुर सम्बन्ध बनाउने प्रयासमा रहेको देखिन्छ,' अमेरिकी विश्लेषक माइकल कुगेलम्यानले बताए ।

### व्यापार र सुरक्षा क्षेत्रको सहकार्य

पाकिस्तान र बंगलादेशले विगत वर्ष समुद्री मार्गहुँदै व्यापार प्रारम्भ गरेका थिए । यस वर्षको मार्च सरकारी तहमा व्यापार विस्तारसम्बन्धी सम्झौता गरिएको थियो ।

पाकिस्तानका वाणिज्यमन्त्री जाम कमाल खान हालै ढाका पुगेका थिए, जहाँ उनले बंगलादेशी अधिकारीहरूसँग व्यापार र लगानी प्रवर्द्धनका लागि संयुक्त आयोग गठन गर्ने सहमति जनाए । त्यसैगरी, शुक्रबार दुवै मुलुकका उच्च सैनिक अधिकारीहरूबीच पाकिस्तानमा भेटवार्ता सम्पन्न भएको थियो ।

### ऐतिहासिक पृष्ठभूमि

सन् १९७१ मा पूर्वी पाकिस्तान अलग भई बंगलादेशको स्थापना भएपछि, ती दुवै देशबीचको सम्बन्ध निकै संवेदनशील रहँदै आएको छ । सो युद्धको क्रममा पाकिस्तानी सेनामाथि व्यापक हिंसा र अत्याचारको आरोप लाग्दै आएको छ । बंगलादेशका अनुसार लाखौं नागरिकले ज्यान गुमाएका थिए । धेरै नागरिकहरूले आज पनि पाकिस्तानबाट औपचारिक माफीको अपेक्षा राखेका छन् ।

स्वतन्त्रतापछि बंगलादेशले भारतसँग नजिकको सम्बन्ध राख्दै आएको थियो । भारतले चारैतिरबाट घेरेको बंगलादेश हाल झण्डै १७ करोड जनसंख्या भएको मुलुक हो । तर वर्तमानमा कार्यरत अन्तरिम सरकारले भारतको भूमिमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई संरक्षण दिइएकोप्रति असन्तुष्टि जनाउँदै आएको छ । हसिनामाथि मानवता विरोधी अपराधको आरोपमा मुद्दा चलिरहेको भए पनि उनी अदालतमा हाजिर हुन अस्वीकार गर्दै भारतमै बसेकी छन् ।

'शेख हसिनाको सत्ताच्युत हुनु भारतका लागि रणनीतिक दृष्टिले ठूलो धक्का थियो । यसपछि पाकिस्तान-बंगलादेश सम्बन्धमा देखिएको सुधार त्यसको प्रत्यक्ष परिणाम हो,' अन्तर ाष्ट्रिय संकट समूहका विश्लेषक थोमस कीनले भने । हालै ढाकाले भारतमाथि निषेधित घोषित अवामी लिग पार्टीलाई समर्थन गरेको आरोप लगाएको थियो । भारतले भने यस्तो आरोप अस्वीकार गर्दै आफ्नो भूमिबाट अरू देशविरुद्ध राजनीतिक गतिविधि हुन नदिने स्पष्ट पारेको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | १९५२०० | ० | २३१० |



**चरनमा गाईगोरु** | बागलुङको निसीखोला गाउँपालिका-५ निसेलढोरमा चर्दै गरेका गाईगोरु ।

*तस्बिर : डम्मर बुढामगर/रासस*

# साउनमा एक खर्ब ४३ अर्बको आयात, २३ अर्बको निर्यात

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको पहिलो महिनामा रु एक खर्ब ६६ अर्ब ९७ करोड ३१ लाख बराबरको वैदेशिक व्यापार भएको छ । भन्सार विभागका अनुसार गत महिना रु एक खर्ब ४३ अर्ब चार करोड बराबरको आयात र रु २३ अर्ब ९३ करोड २४ लाख बराबरको निर्यात भएको हो । यो अवधिमा देशलाई रु एक खर्ब १९ अर्ब १० करोड ८२ लाख बराबर व्यापार घाटा भएको छ ।

गत आर्थिक वर्षको पहिलो महिनाको वैदेशिक व्यापारको तुलनामा चालु आर्थिक वर्षको सोहि अवधिमा आयात ११ दशमलव ४२ र निर्यात ९५ दशमलव ७५ प्रतिशतले बढेको छ । साउनमा छिमेकी मुलुक भारतसँग रु ८३ अर्ब ५३ करोड ९९ लाख बराबरको आयात र रु १९ अर्ब ४५ करोड २० लाख बराबरको निर्यात हुँदा मुलुकले रु ६४ अर्ब आठ करोड ७८ लाख घाटा व्यहारेको छ । चीनसँग रु २७ अर्ब ९९ करोड ६० लाख बराबरको आयात र रु पाँच करोड ४८ लाखको निर्यात गर्दा रु २७ अर्ब ९४ करोड १२ लाख बराबर व्यापार घाटा भएको छ । जर्मनी, अफगानस्तान, संयुक्त राज्य अमेरिका, रुस, बेल्जियम, नर्वेलगायत मुलुकसँग समीक्षा अवधिमा व्यापार नाफा भएको छ ।

साउनमा सबैभन्दा बढी आयात पेट्रोलियम पदार्थको भएको छ । विभागका अनुसार रु पाँच अर्ब ७७ करोड १४ लाख बराबरको पेट्रोल, रु पाँच अर्ब ८८ करोड ७७ लाखको डिजेल र रु चार अर्ब ६६ करोड ६४ लाख बराबरको एलपी ग्यास आयात भएको छ । देशमा रु १० अर्ब ८० करोड ९५ लाख बराबरको कच्चा सोयाबिन तेल, रु तीन अर्ब ४१ करोड ९२ लाखको स्मार्टफोन, रु एक अर्ब ७४ करोड ४८ लाखको मोटरसाईकल, रु तीन अर्ब सात करोडको फलामजन्य वस्तु र रु एक अर्ब ५२ करोड ६३ लाख बराबरको सुन आयात भएको छ ।

मुलुकबाट निर्यात भएका वस्तुमा भटमासको तेल पहिलो स्थानमा छ । साउनमा रु १० अर्ब ६९ करोड ५८ करोड बराबरको भटमासको तेल निर्यात भएको हो । समीक्षा अवधिमा प्लाईउड, फलफुल जुस, धागो, गलैंचा, अलैंचीलगायत उत्पादन निर्यात भएका हुन् ।

# लोप हुँदै निगालोका डोकोडालो

■ प्रभाव संवाददाता

**सिमकोट (हुम्ला)** – पछिल्लो समय प्लास्टिकजन्य सामग्रीको प्रयोग बढ्दै गएकाले निगालोको चोयाबाट बनाइने डोकोडालो लोप हुँदै गएको छ । यहाँ जंगबाट घाँसदाउरा, हाटबजारबाट चामल, नुन, तेललगायत दैनिक खाद्यसामग्री बोक्न प्रयोग गरिने डोकोडालो लोप हुँदै गएको हो ।

खेतबारीको मल बोक्नदेखि हाटबाट दैनिक उपभोग्य वस्तु ढुवानी गर्न पिठ्युँमा बोक्न प्रयोग हुने गरेको निगालोको डोको हराउँदै गएको अदानचुली गाउँपालिका-२ का भ्याल महताराले बताए ।

उनले भने, 'पहिला गाउँ नजिक बजार थिएनन्, दैनिक खाद्यान्नका सामग्री दुई-चार दिन पैदल हिडेर ल्याउनु पर्थ्यो, त्यसका लागि डोको आवश्यक हुन्थ्यो । अहिले गाउँबस्तीमा गाडी पुगेपछि डोकोसँगै डोको बुन्ने सीप पनि लोप हुँदै गएको छ ।'

पहिले गाउँमा सबैले अर्गानिक खेती गर्ने, वल बोक्ने, जङ्लबाट स्याउला ल्याउनेलगायत काममा डोकोडालोको प्रयोग हुने गरेको महताराले अनुभव सुनाए । 'त्यसका लागि ठूलाठूला डोकोडालो बुन्ने गरिन्थ्यो । अहिले गाउँमा गाडी गुड्न थालेपछि डोकोडालो बुन्ने सीपसँगै यो व्यवसाय पनि विस्तारै लोप हुँदै गएको छ', उनले भने ।

सडकसँगै यातायातका साधन विस्तार गएपछि डोकोमा बोक्ने सामान सवारीमार्फत ढुवानी हुन थालेको बताउँदै ज्येष्ठ नागरिकका सीमित सीप पुस्तान्तरण नहुँदा डोको बुन्ने व्यवसाय लोप हुँदै गएको सर्केगाड गाउँपालिका-२ का जंग फडेराले बताए ।

काठ तथा प्लास्टिकजन्य सामग्रीको प्रयोग बढ्नु, कच्चा पदार्थको अभाव हुनु, पुस्तान्तरण हुन नसक्नुलगायत कारणले हुम्लाका ग्रामीण भेगमा परम्परागत रूपमा प्रयोग गरिँदै आइएका डोका, खाऱ्या, डाला, थुन्से, छाप्री, पाथो, टोपी, सुपो र भकारी लोप हुँदै गएका फडेराको भनाइ छ ।

सुरक्षित खाद्यान्न भण्डारणका लागि प्रयोग गरिने ती सामग्री पछिल्लो समय लोप हुँदै गएका भन्दै उनले चिन्ता व्यक्त गरे । सीप जानेका व्यक्तिले पुस्तौँदेखि डोका, डाला बुनेर गाउँमा बिक्री गरी आफ्नो जीविकोपार्जन गर्दै आएकामा पछिल्लो समय यसको प्रयोग घटेपछि व्यवसाय सङ्कटमा परेको फडेराले गुनासो गरे ।

# ढल्केवर-जनकपुर-जटही सडकमा विद्युतीकरण

**जनकपुरधाम (प्रस)**– ढल्केवर-जनकपुर-जटही ३५ किलोमिटर सडकमा रु चार करोड ३८ लाख ८९ हजारको लागतमा विद्युतीकरण भएको छ । सडक डिभिजन कार्यालयले सडकका दुवै किनारमा खम्बा गाड्नका साथै सौर्य प्यानल जडानका साथै अन्य विद्युतीय उपकरण जडान गरेको हो । सडक किनार विद्युतीकरणबाट बटुवालाई राति हिँडडुल गर्न सहज भएको छ ।

सडक विद्युतीकरण आयोजना पूरा भएकामा उक्त कार्यालयलाई धन्यवाद दिँदै नेपाल कम्युनिष्ट पार्टी( एमाले)का सचिव रघुवीर महासेठले सडक सुरक्षा तथा पूर्वाधार निर्माणका निम्ति सरकारले प्राथमिकता दिएको बताए । उक्त कार्यालयका प्रमुख दरोगा साहले उनले ढल्लकेवर-जनकपुरधाम -जटहीसडक खण्डमा 'फ्लाई ओभर' निर्माणको योजना रहेको जानकारी दिए ।

# आयमूलक कार्यक्रममा लगानी बढाउँदै सामुदायिक वन

**कञ्चनपुर (प्रस)**– कृष्णपुर नगरपालिका-६ वञ्जरियास्थित महाकाली सामुदायिक वनले वन पैदावारको आम्दानीलाई समाज विकास र पूर्वाधार निर्माणका क्षेत्रमा उपयोग गर्दै आएको छ । वन उपभोक्ताको सक्रियता र संस्थाको लगानीमा पूर्वाधार निर्माणसँगै आयमूलक कार्यक्रम सञ्चालन गरिने भएको हो ।

सामुदायिक वनका अध्यक्ष वीरबहादुर राजवंशीका अनुसार दाउरा, काठ, घाँसलगायत वन पैदावार बिक्रीबाट आएको रकम सामाजिक र संस्थागत विकासका क्षेत्रमा खर्च गरिएको हो । वन क्षेत्रभित्र पस्ने बालुवाको उचित व्यवस्थापनका लागि खोलामा जनश्रमदानसहित करिब रु ३४ लाखको लागतमा पक्की पुल निर्माण गरिएको उनले जानकारी दिए ।

'वनको आय आम्दानी उपयोग गरी रु ३० लाखमा दुईतले सभाहलसहित भवन निर्माण गरिएको छ, जसले संस्थागत गतिविधि सञ्चालनमा सहजता पुऱ्याएको छ', राजवंशीले भन्नुभयो । धार्मिक तथा सांस्कृतिक महत्त्वलाई ध्यानमा राख्दै करिब रु छ लाखको लागतमा कालिका र वनदेवीका दुई वटा मन्दिर निर्माण भइरहेको उनले जानकारी दिए । वन कार्यालय परिसरमा विश्राम स्थल(प्रतिक्षालय) निर्माण गरिएको छ । नदीले भूक्षय गर्दै आएको क्षेत्रमा तटबन्ध र टेवा पर्खाल निर्माण गरिएको जनाउँदै उनले माटो भरानमार्फत जमिनलाई सुरक्षित राख्ने कार्य गरिएको बताए । उपभोक्ताको आयआर्जन बढाउन सामुदायिक वनले विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको अध्यक्ष राजवंशीले जानकारी दिए ।


## प्राथमिक उपचार

**उद्देश्य**

- जीवन बचाउनु,
- दुखाइ न्यूनीकरण गरी निको हुन सहयोग गर्नु,
- अचेत अवस्थालाई सुरक्षित बनाई मनोबल बढाउनु,
- चोट वा घाउको अवस्था बिग्रन नदिनु,

**कस्तो अवस्थामा के गर्ने:**

- सफा कपडाले रगत बग्नबाट रोक्ने,
- पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
- अचेत भएमा श्वासप्रश्वास निरन्तरता दिन प्रयास गर्ने,
- हड्डी भाँचिएमा नहल्लाई अस्पताल लैजाने ।

**प्राथमिक उपचारका लागि आवश्यक पर्ने, ब्यान्डेज, टेप, सर्जिकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरू घरमा राखौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# भैरहवामा खुल्यो 'करेण्ट मार्ट'

■ दामोदर खनाल

**बुटवल–** यसोदा फुड्स प्रालिले रूपन्देहीको भैरहवामा पहिलो 'करेण्ट मार्ट' सञ्चालनमा ल्याएको छ । स्वदेशी तथा विदेशी उपभोक्ताको रोजाइमा परेको करेण्ट चाउचाउको मागलाई ध्यानमा राख्दै मार्ट खोलिएको हो ।

यसअघि बुटवल र काठमाडौंमा 'करेण्ट प्वाइन्ट' सञ्चालनमा ल्याइसकेको कम्पनीले भैरहवामा खोलिएको मार्टमा ग्राहकले यसोदा फुड्सका सम्पूर्ण उत्पादनहरू खरिद गर्न पाउने जानकारी दिएको छ । बुटवल तथा काठमाडौंमा रहेका करेण्ट प्वाइन्टको सफलता र उपभोक्ताको निरन्तर मागलाई ध्यानमा राख्दै कम्पनीले शुक्रबारदेखि सिद्धार्थनगर नगरपालिकास्थित नयाँ सडकमा करेण्ट मार्ट सञ्चालनमा ल्याएको हो ।

करेण्ट मार्टको उद्घाटन गर्दै सिद्धार्थ उद्योग वाणीज्य संघका अध्यक्ष नेत्र आचार्यले भैरहवाका करेण्ट पारखीहरूका लागि मार्टले




सहजै विविध परिकार उपलब्ध गराउने उल्लेख गरे । निजी क्षेत्रको लगानी र निरन्तरताले नै मुलुकको आर्थिक गतिविधि चलायमान बनेको बताउँदै अध्यक्ष आचार्यले रोजगार र अर्थतन्त्रमा यसको ठूलो भूमिका रहने बताए ।

कम्पनीका सञ्चालक ऋषि भण्डारीले नुडल्स पारखीहरू, विशेषगरी पिरो र चट्पट स्वाद मन पराउनेहरूका लागि एउटा उत्कृष्ट गन्तव्य बनाउने लक्ष्य रहेको बताए । उनले करेण्ट मार्टमा करेण्ट नुडल्सका विभिन्न परिकारहरू उपलब्ध हुने जानकारी दिए । ग्राहकहरूले आफ्नो रुचिअनुसारको मसला र स्वाद पनि रोज्न सक्ने उनले बताए ।

विशेषगरी युवापुस्तामाझ लोकप्रिय हुदै गएको करेण्टको यो नयाँ आउटलेटले भैरहवावासीलाई नौलो र डेलीसियस स्वादको अनुभव दिने विश्वास कम्पनीले लिएको छ । कम्पनीले यसअघि बुटवलको कालिकानगर र काठमाडौंको अनामनगरमा 'करेण्ट प्वाइन्ट' सञ्चालनमा ल्याएको छ, जहाँ करेण्टका विभिन्न परिकारहरू पकाएर खान पाइन्छ ।

सन् २०१७ मा स्थापित यसोदा फुड्सले 'करेण्ट' बाहेक चिज बल्स, स्टिक्स, पोटचाटो ऋचाकर्सलगायत विभिन्न प्रकारका खाद्यवस्तु उत्पादन गर्दै आएको छ । कम्पनीका उत्पादनहरू भुटान, अमेरिका, अस्ट्रेलिया, युके, जापानलगायत डेढ दर्जन बढी देशमा निर्यात भइरहेको प्रबन्धक मधुसुधन घिमिरेले जानकारी दिए । उनले अब सोमबार काठमाडौंको शंखमुलमा तथा केही दिनपछि महाराजगञ्ज र चितवनको नारायणगढमा करेण्ट प्वाइन्ट सञ्चालनमा ल्याउने योजना रहेको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल **फोन नं.**: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ